**स्तन क्यान्सरका लक्षणहरू**
- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्रतर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,

यस्ता कुनै पनि लक्षण देखिए तुरुन्तै चिकित्सकसँग परामर्श गरौं
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ पुस ०२ गते मङ्गलवार // मृत भस्म नबन्दैमा भिळ्को भैकन बल्नुछ // 2024 December 17 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १०९

## आपूर्ति कम हुँदा मलको माग धान्न समस्या

# पर्सामा आठ सय मेटन डिएपी र एक हजार मेटन युरिया वितरण

प्रस, परवानीपुर, १ पुस/

पर्सा, बारा, रौतहटसँगै मधेस प्रदेशका पाँच जिल्ला एवं अन्य प्रदेशमा हरेक वर्ष धान र गहुँ खेतीको बेला सबैभन्दा ठूलो समस्याको रूपमा रासायनिक मलको अभाव हुने गर्छ । मागको अनुपातमा आपूर्ति न्यून भएकोले देशैभरि मलको हाहाकार हुने गरेको छ।

मलको माग अनुसार आपूर्ति नहुँदा मुख्य धान र गहुँ बाली लगाउने बेलामा हाहाकार हुने गरेको कृषि सामग्री कम्पनी, वीरगंजका प्रमुख दुर्गा पाण्डेले बताए ।

नेपालमा बर्सेनि सबै थरीका मल मिलाएर मुश्किलले चार लाख टन आपूर्ति हुन्छ। जबकि नेपालको माग बर्सेनि आठ लाख ५० हजार मेट्रिक टन छ । अर्थात् मागभन्दा ५० प्रतिशतको हाराहारीमा मात्र नेपाल सरकारले मल भित्र्याइरहेको छ। जसले गर्दा आवश्यक परेको बेला चरम अभाव हुने गरेको उनी बताउँछन्।

नेपाल सरकारले भित्र्याउने कुल मलको २६.५ प्रतिशत मल मधेस प्रदेशका आठ जिल्लाले पाउँछन्। जसमध्ये १३६ वटा स्थानीय तहलाई शुरूमा समानान्तर किसिमले मल वितरण गरिन्छ र केही मल बफर कोटा अन्तर राखिन्छ। एक महीना अघि सामान्य किसिमले मल वितरण भइसकेपछि हाल बफर कोटा अन्तरको मल जिल्ला–जिल्लामा वितरण भइरहेको छ । अहिले गहुँ, तोरी, दलहनलगायतका बालीमा मलको अभाव हुने गरेको छ।

सामान्य पद्धति अनुसार पर्सा जिल्लाका १४ वटा पालिकाले ६७१ मेटन युरिया र ५५९ मेटन डिएपी प्राप्त गरेका छन् । पर्साको ठोरीले ३९ टन युरिया, ३२ टन डिएपी, जीराभवानी गापाले ५० टन युरिया, ४२ टन डिएपी, जगरनाथपुर गापाले ६८ टन युरिया, ५७ टन डिएपी, पटेर्वासुगौली गापाले ४६ टन युरिया, ३८ टन डिएपी, सखुवाप्रसौनी गापाले ५४ टन युरिया, ४५ टन डिएपी, पर्सागढी नगरपालिकाले ६७ टन युरिया, ५६ टन डिएपी, वीरगंज महानगरपालिकाले १२९ टन युरिया, १०८ टन डिएपी, बहुदरमाई नपाले ४६ टन युरिया, ३९ टन डिएपी, पोखरिया नपाले ४१ टन युरिया, ३९ टन डिएपी, कालिकामाई गापाले २० टन युरिया, १७ टन डिएपी, धोबिनी गापाले २८ टन युरिया, २३ टन डिएपी, छिपहरमाई गापाले २९ टन युरिया, २५ टन डिएपी, पोखरिया नपाले २८ टन युरिया, २४ टन डिएपी, विन्ध्यवासिनी गापाले २५ टन युरिया, २१ टन डिएपी प्राप्त गरेका थिए ।



कृषि सामग्री कम्पनीमा मल लिन पुगेका सेवाग्राहीहरू । तस्वीरः प्रतीक

साथै चालू आवको गत साउनदेखि मङ्सिर मसान्तसम्म पर्सा जिल्लामा ८०० मेटन डिएपी र १००० मेटन युरिया गरी कुल एक हजार ८०० मेटन मल वितरण भइसकेको बताएका छन् ।

यससँगै मधेस प्रदेशका पर्सा, सिराहा, सप्तरीबाहेक बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषा गरी पाँचवटा जिल्लाले डिएपी २४० टनको दरले पाएका छन् भने युरिया ३०० टनको दरले पाएको उनले बताए। सिराहा, सप्तरीले डिएपी ६००/६०० टन र युरिया १००/१०० टन पाएका छन् ।

पर्सादेखि धनुषासम्मका जिल्लाले थप १३०/१३० टन डिएपी पाउने योजना अघि बढेको उनले बताए ।

## बैंकअगाडि ऋणीको धर्ना




प्रस, वीरगंज, १ पुस/

पोखरियामा रहेको लुम्बिनी विकास बैंकअगाडि नागरिक बचाउ अभियानका सदस्यहरूले सोमवार धर्ना तथा प्रदर्शन गरेका छन् ।

जिल्ला संयोजक राजेन्द्रबहादुर दमाईको नेतृत्वमा सयौं ऋणपीडितले नाराबाजी गर्दै धर्ना दिई दुई घण्टा सडक अवरुद्ध गरेका थिए । देशको आर्थिक अवस्था बिग्रँदै गएको बेला ऋणीहरूलाई समयसमेत नदिई घर, जग्गा लिलाम गर्नु गलत भएको भन्दै उनीहरूले धर्ना दिएका थिए ।

लुम्बिनी विकास बैंकले वीरगंज–११ रानीघाट निवासी राजु साह सोनारको घर तथा पोखरिया नपाको बैरिया बिर्तास्थित जग्गा लिलाम गरेपछि सो अभियानले उक्त घर र जग्गा फिर्ता नगरेसम्म आन्दोलन गरिरहने जनाएको छ । संयोजक दमाईले बैंकका कर्मचारीहरूले मिलेमतो गरी गरीब, निमुखा व्यक्तिहरूको जग्गा लिलाम गरी आफ्ना नातागोताका मानिसलाई दिने गरेको आरोप लगाए । उनले सोनारलगायत सयौं ऋणीका घरजग्गा लिलाम गर्न लुम्बिनी विकास बैंकले प्रक्रिया अगाडि बढाएको बताए। उनले बैंकलाई घरजग्गा लिलाम प्रक्रिया रोक्न आग्रह गरेका छन् ।

# गढीमाईको बलिदानपछि हरिया तरकारी सस्तिए

प्रस, पोखरिया, १ पुस/

पञ्चवर्षीय गढीमाई मेलाको बलिदान सकिएसँगै पर्सा, बारा क्षेत्रमा हरिया तरकारीको मूल्य घटेको पाइएको छ । पञ्चवर्षीय मेलामा देश–विदेशबाट मेला भर्न लाखौंको सङ्ख्यामा श्रद्धालुहरू आएका कारण पर्सा, बारामा हरिया तरकारीको मूल्य बढेको थियो ।

गत असोज ११–१२ गते परेको अविरल वर्षाले यो क्षेत्रमा हरिया तरकारीखेतीलाई असर पुऱ्याएको थियो। यसैपटक पञ्चवर्षीय मेला लागेको कारण लाखौं मानिसको सहभागिताले हरिया तरकारीको माग बढेर मूल्यवृद्धि भएको थियो ।

प्रत्येक वर्ष यो मौसममा हरिया तरकारीको मूल्य घट्थ्यो। तर यसपटक त्यसो भएन र लगातार मूल्यवृद्धि भइरह्यो । किसानहरू पनि हरिया तरकारीको मूल्य बढेकामा खुशी भएका थिए । विगतका वर्षहरूमा लागत अनुसारको मूल्य नपाउँदा उनीहरूले उत्पादन सडकमा फालेर विरोध गर्नुपर्ने अवस्था थियो ।

यस वर्ष पञ्चवर्षीय गढीमाई मेला र मङ्सिरमा वैवाहिक कार्यक्रमहरू भएकाले हरिया तरकारीको मूल्य बढेको थियो। असोजको वर्षाले क्षति पुऱ्याएको र मेला तथा वैवाहिक कार्यक्रममा हरिया तरकारीको माग बढेको हुँदा काउली, बन्दा, गोलभेंडा, भन्टा, हरियो केराउ, मूला, खुर्सानी, सिमी, आलु, प्याजलगायतका तरकारीहरू महँगा भएका थिए। अहिले गढीमाईमा बलिदान सम्पन्न भएको र मङ्सिर महीना पनि सकिएकोले श्रद्धालुहरूको भीड कम भएको र गढीमाई मेलामा होटल व्यवसाय पनि पातलिएको कारण हरिया तरकारीको मूल्य घटेको हो ।

बलिदानको बेला मङ्सिर २४ गतेसम्म काउली १५०, बन्दा १००, आलु ९०, प्याज १३०, गोलभेंडा १३०, भन्टा १००, हरियो केराउ १४०, सिमी १४०, मूला ४०, खुर्सानी २०० रुपैयाँ प्रतिकिलो रहेकामा अहिले हरिया तरकारीको मूल्य घट्दो छ। काउली, बन्दा, आलु प्रतिकिलो ५०, प्याज ९०, गोलभेंडा १००, भन्टा ७०, हरियो केराउ १५०, सिमी १००, मूला २०, खुर्सानी १०० रुपैयाँ प्रतिकिलोमा बिक्री भइरहेका छन् ।



तस्वीरः प्रतीक

# सुर्तीखेतीमा किसानहरूको आकर्षण बढ्दो

धर्मेन्द्र चौरसिया, पोखरिया, १ पुस/

पर्सा जिल्लाको ठोरीलगायत थरुहट क्षेत्रमा अहिले सुर्तीखेती गर्ने किसानहरू व्यस्त छन् । वर्षको दुईपटक सुर्तीखेती गरिन्छ र नगदेबालीको रूपमा रहेको यो खेतीप्रति यस क्षेत्रका किसानहरूको आकर्षण बढ्दो छ ।

ठोरी, जीराभवानी, पटेर्वासुगौली, सखुवाप्रसौनी गाउँपालिका र पर्सागढी नगरपालिकाका किसानहरूले सुर्तीखेती गर्दै आएका छन् ।

प्रतिकट्ठा सुर्तीखेतीमा रु चार हजार खर्च र १५ हजार आम्दानी हुने हुँदा किसानहरूको आकर्षण बढेको हो। एक कट्ठामा ९० किलो सुर्ती उत्पादन हुने गर्छ। नेपालभरि सुर्तीखेती हुने गरेकामा यो जिल्लाबाट ८० प्रतिशत उत्पादन हुने गरेको छ। सुर्तीखेती पर्सा, बारा, रौतहट, धनुषा, सिराहा र नवलपरासीसम्म हुने गर्छ ।

यो क्षेत्रमा हुने सुर्तीखेतीलाई बाराको जीतपुरसिमरा उपमहानगरपालिकास्थित बहुर्राष्ट्रिय कम्पनी सूर्य नेपालले खरीद गर्दै आएको छ। एचबी र बर्ली जातको सुर्तीखेती हुने गर्छ र यसलाई सूर्य नेपालले खरीद गर्छ। सूर्य नेपालले सुर्तीखेती गरेका किसानहरूलाई बीउ, मल, त्रिपाल र गोठ निर्माणको लागि निर्ब्याजी ऋण उपलब्ध गराउँदै आएको किसान छविलाल श्रेष्ठ बताउँछन् ।

उत्पादित सुर्ती खरीद गर्दा सूर्य नेपालले किसानहरूलाई दिएको ऋण कट्टा गरी बाँकी रकम उपलब्ध गराउँछ । लगानीको समस्या नरहेको र उत्पादनपछि भुक्तानी सहजरूपमा पाउने हुँदा सुर्तीखेतीप्रतिको आकर्षण बढिरहेको हो। जङ्गली क्षेत्रसँग जोडिएको पर्सा जिल्लाका पालिकाहरूमा सुर्तीखेती हुँदै आएको छ। जङ्गली जनावरले सुर्तीखेतीलाई क्षति नपार्ने हुँदा यसको खेती गर्न किसानहरू रुचाएका हुन्। अन्य खेती गर्दा जङ्गली जनावर, पशुपक्षीले बाली नष्ट गर्ने हुँदा किसानहरू सुर्तीखेतीप्रति आकर्षित भएका हुन् ।

सुर्तीखेती वर्षमा वैशाख र असोज महीनामा शुरू हुने र छ महीनामा तयारी भएर बिक्रीसमेत भइसक्छ। बर्ली जातको चार सय हेक्टर र एचबी जातको तीन सय हेक्टर जमीनमा बर्सेनि सुर्तीखेती हुने गरेको छ ।



तस्वीरः प्रतीक

# सिम्रौनगढमा निश्शुल्क आँखा शिविर, १८५ जनामा मोतीबिन्दु




तस्वीरः प्रतीक

प्रस, सिम्रौनगढ, १ पुस/

सिम्रौनगढ नगरपालिका–७ कङ्काली माविमा सोमवार निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ ।

तिलगङ्गा आँखा अस्पताल, निजगढको प्राविधिक सहयोग र सिएमए सङ्घ तथा सिम्रौनगढ नपाको संयुक्त आयोजनामा आज भएको शिविरको उद्घाटन नगरप्रमुख किशोरीप्रसाद कलवारले गरेका थिए ।

उद्घाटनसत्रमा प्रमुख प्रशासकीय अधिकृत हरिओमप्रसाद जयसवालले स्वागत र सहजीकरण स्वास्थ्य संयोजक विजय ठाकुरले गरेका थिए ।

(बाँकी अन्तिम पातामा)

**विचारसार र सुक्तिहरू**

**भेद यो हो कि जो पूर्ण छैन, ऊ पूर्णताको दिशामा बाहिर हल्ला गर्दै हिंड्छ र जुन सत्य–वस्तु हो, त्यो उसको अधिकारमा रहँदैन ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com

# अन्तर्राष्ट्रिय क्यान्सर सम्मेलन

**नेपालको ऐतिहासिक शहर जनकपुरले यसपालि सातौं अन्तर्राष्ट्रिय क्यान्सर सम्मेलनको आयोजनाको गर्वपूर्ण जिम्मेवारी पाएको छ । आगामी मार्च २१ र २२ मा हुने यो सम्मेलन क्यान्सरजस्तो जटिल रोगका बारेमा नयाँ ज्ञान, उपचारका प्रविधि र अनुसन्धान आदानप्रदान गर्ने थलो हो । यो सम्मेलनले नेपाललाई विश्व स्वास्थ्य क्षेत्रमा आफ्नो भूमिका विस्तार गर्न सघाउनेछ । क्यान्सर सम्मेलन क्यान्सर रोगका विविध पक्षमा छलफल गर्न, अनुभव आदानप्रदान गर्न र आधुनिक प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्न गरिन्छ । सम्मेलनको प्रमुख उद्देश्य क्यान्सरको उपचारमा नवीनतम प्रविधि र ज्ञानको पहुँचलाई विश्वव्यापी बनाउनु हो । विशेषगरी क्यान्सरका कारण, निदान, उपचारका नयाँ विधि, रोग प्रतिरोधका उपायहरू र अनुसन्धानका प्रगति सम्मेलनमा मुख्य एजेन्डा बन्ने गरेका छन् । नेपालजस्तो स्वास्थ्य पूर्वाधारमा पछाडि परेको देशका लागि यस्तो सम्मेलन निकै महत्त्वपूर्ण छ । यसले नेपाली चिकित्सकहरूलाई विदेशी विशेषज्ञहरूसँग सहकार्यको अवसर दिन्छ भने हाम्रो देशको वर्तमान स्वास्थ्य अवस्था र सम्भावनाहरूलाई विश्वसामु प्रस्तुत गर्ने अवसर पनि प्रदान गर्छ ।**

**नेपालमा क्यान्सरका बिरामीहरूको सङ्ख्या दिनानुदिन बढिरहेको छ । नेपाल क्यान्सर राहत समाजको तथ्याङ्क अनुसार देशमा वार्षिक ३० हजारभन्दा बढी नयाँ क्यान्सर रोगी थपिने गरेका छन् । यसमध्ये अधिकांशले ढिलो उपचार पाउँछन्, जसका कारण मृत्युदर उच्च छ । देशमा रहेको सीमित स्वास्थ्य पूर्वाधार, अनुभवी विशेषज्ञको अभाव र ग्रामीण क्षेत्रमा क्यान्सर रोगका बिरामीले उपचारमा पाउने कठिनाइ जस्ता समस्याले यो अवस्था थप जटिल बनाएको छ । जनकपुरमा हुने यो सम्मेलन नेपालका लागि महत्त्वपूर्ण अवसर हो । अमेरिका, भारतलगायत विदेशी विशेषज्ञहरूसँग छलफल गरी नेपालले सुलभ र प्रभावकारी उपचारका विधि अपनाउन सक्छ । क्यान्सर उपचारका लागि आधुनिक उपकरण, औषधि र प्रविधि भित्र्याउन नेपालले विदेशी संस्थासँग सहकार्य गर्ने अवसरको निम्ति सम्मेलनले वातावरण बनाउन सक्छ । त्यसैगरी, शोधमा सहकार्य गर्न सकिन्छ । नेपालको जटिल भूगोल र विविधतायुक्त जीवनशैलीका कारण यहाँको क्यान्सरको स्वरूप अन्यत्रको भन्दा विशिष्ट छ । यस्तो अनुसन्धानका लागि विदेशी अनुसन्धानकर्ता आकर्षित गर्न सकिन्छ ।**

**नेपालको ग्रामीण क्षेत्रमा उपचार पाउन क्यान्सरपीडितलाई गाह्रो छ । सरकारले ग्रामीण क्षेत्रमा उपचारका सुविधा विस्तार गर्न विदेशी संस्थासँग सहकार्य गर्ने प्रस्ताव यस सम्मेलनमार्फत ल्याउनुपर्छ । त्यसैगरी, आधुनिक प्रविधिको कुरा छ । हाम्रो मुलुकमा उपचार प्रविधि पुराना र सीमित छन् । सम्मेलनमा सहभागी मुलुकहरूसँग सहकार्य गरी नवीनतम प्रविधि नेपालमा भित्र्याउन पहल गर्नुपर्छ । क्यान्सरको सुरुआतमै पहिचान र रोकथामका लागि जनचेतना कार्यक्रमको महत्त्वपूर्ण भूमिका हुन्छ । यसका लागि सरकारी र निजी क्षेत्रले एकीकृत योजना तयार गर्न सम्मेलनबाट सुझाव सङ्कलन गर्न सक्छ । अन्य मुलुकमा भन्दा नेपालमा क्यान्सर रोग निम्तिने कारण नै केही फरक छ भन्ने कुरा पत्ता लागिसकेको हुँदा त्यसको अध्ययन–अनुसन्धानका लागि विज्ञ मुलुकहरूलाई सहकार्यका लागि आह्वान एवं उपचारमा सहयोग र अनुदानको माग गर्न सम्मेलन महत्त्वपूर्ण अवसर हो । अन्तर्राष्ट्रिय क्यान्सर सम्मेलन हाम्रोलागि स्वास्थ्य कूटनीतिको अवसर पनि हो ।**

# रवि लामिछानेमाथि प्रतिशोध : कहाँ पुग्लान् दलहरू ?

स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला PhD
rajendrakoirala20@gmail.com

**घटना गम्भीर प्रकृतिको देखिएको भन्दै आयोगले प्रहरीका उच्च अधिकारीलाई आयोगमैं बोलाएर जवाफ मागिसकेको छ । यसैबाट स्पष्ट हुन्छ– राज्यले जतिजति रविलाई प्रताडित गर्छ, रविको आभा देशभरी झनै बढिरहेको छ ।**

कुर्सी प्राप्त गर्दैमा राज्य कसैको निहित स्वार्थ पूरा गर्ने शक्ति वा पेवा बन्नुहुँदैन । तर, यहाँ त्यस्तै भइरहेको छ । इतिहासको पुनरावृत्ति नै राज्यका लागि यति बेला अभिशाप सिद्ध भएको छ । व्यवस्था परिवर्तनपछि पनि राज्यसँग आन्दोलनकारी शक्तिलाई सम्मान गर्ने संस्कारको विकास भएन । उनीहरूलाई अपमान गर्ने र शासकलाई सेवा गर्ने राज्य चरित्रकै निरन्तरता छ । हिजो जसरी गाउँमा एउटा मान्छे (मुखिया) लाई काखी च्यापेर सिङ्गो बस्तीमाथि दमन, शोषण, उत्पीडन र कुशासन चलाइन्थ्यो, अहिलेको व्यवस्थाका शासकले पनि त्यसै गरिरहेका छन् । किनकि, उनीहरू पनि उही पुरानो पुस्ताका प्रतिलिपि शासक हुन् । आज पनि उनीहरूमा पञ्चायतको धङ्धङ्गी रहेको छ । यहाँ प्रसङ्ग रवि लामिछानेप्रति राज्यले गरेको राजनीतिक प्रतिशोध हो । अब अति नै भइसक्यो । पूर्व मुख्य न्यायाधीश सुशीला कार्की, सत्ता पक्षकै शेखर कोइराला, सुनील शर्मा, काङ्ग्रेसका पुराना विनयध्वज शाह लगायत न्याय र अन्याय के हो भन्ने बुझेका व्यक्तित्वले राज्यको यो अचाक्ली व्यवहारविरुद्ध खुलेर बोल्न थालिसके ।

काङ्ग्रेसका विश्लेषक पुरञ्जन आचार्य भन्छन्–"यी दुई ठूला दलले अब जसरी पनि, कुनै कारणविना कसैलाई पनि हिरासतमा राख्न सक्छन् । उनी भन्छन्–"यो अब भ्रष्टाचारको आवाजले दुवै दललाई सिध्याउने भो भनी गरिएको साठगाँठ हो र संसदीय समितिको नजीरले भोलि यी दुई दललाई खानेछ; यो नितान्त प्रतिशोधको राजनीति हो ।"

राज्यसत्तामा रहेका मान्छे लोकतान्त्रिक भएनन् भने राज्य शक्ति, प्रणाली र विधिको कसरी दुरुपयोग हुन्छ भन्ने कुराको नमूना र पछिल्लो उदाहरण बनेको छ, सहकारी अपचलनमा मुछिएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेमाथिको छानबीन । तानाशाही व्यवस्थाविरुद्ध दश वर्षे माओवादी आन्दोलनमा जसरी सरकार र प्रहरी प्रशासनले माओवादी नेता–कार्यकर्तालाई भए–नभएका घटनाको दोषी देखाएर मुद्दा लगाउने, चरम दुःख र यातना दिने, कारागार चलान गर्ने या दोहोरो भिडन्तका नाउँमा हत्या गर्ने जुन प्रवृत्ति थियो, आजको व्यवस्थामा पनि रविमाथि भइरहेको राज्यको व्यवहार त्योभन्दा फरक छैन ।

आज पनि कतिपय माओवादी नेता–कार्यकर्ता तथा मधेसलगायत आन्दोलनमा सहभागी योद्धा कि जेलमा छन् कि अदालत धाइरहेका छन् । शान्ति सम्झौता र प्रक्रियाको कुनै वास्ता गरिएको छैन । कतिपयको त अदालतको दैलो चहार्दाचहार्दै जीवन सकिइसकेको छ । परिवार ध्वस्त भएको छ ।

रवि जोडिएका घटनामा पाँच–६ वटा जिल्लामा मुद्दा हाल्न लगाएर रविलाई गलाउने, सकाउने, हैरान पार्ने, दुःख दिने र चुनाव लड्न नसक्ने गरी उनको राजनीतिक भविष्य र दल सकाउने गरी प्रायोजित हमला भएको देखिन्छ । किनभने, सहकारीलगायत विभिन्न क्षेत्रमा सत्ताधारी शक्तिकै नेता–कार्यकर्ता र सङ्गठनको हालीमुहाली छ । निष्पक्ष अनुसन्धान गर्ने हो भने लामो समयदेखि राज्यसत्तामा बसेर मोज गरेका विपक्षी दलका कोही पनि बाँकी रहँदैनन् । त्यसैले पारदर्शी ढङ्गले एउटा शक्तिशाली आयोग बनाएर नियमन गर्ने वा समस्याको दीर्घकालीन समाधान गर्ने पक्षमा उनीहरू देखिंदैनन् । व्यक्तिविशेषमैं केन्द्रित भएर नागरिकलाई भ्रमित पारिरहेका छन् ।

सत्ताको नियत रविमाथि जहाँ–जहाँ सकिन्छ, त्यहाँ–त्यहाँ मुद्दा हाल्ने, बदनाम गराउने देखिन्छ । संसारकै मूल्य–मान्यता उल्लङ्घन हुनेगरी, लोकतन्त्रको धज्जी उडाउनेगरी, हिजोको तानाशाही व्यवस्थाको झल्को दिनेगरी बन्दीलाई रातोदिन सुत्न र आरामसमेत गर्न नदिई, खानपिन र स्वास्थ्यको समेत ख्याल नगरी रातारात दौडाउनु निन्दनीय कार्य हो । राज्य यसरी किन खनिइरहेको छ, रविविरुद्ध ? रवि नामुद बदमाश हो भन्ने मान्छेमा छाप पार्न अनुसन्धान उन्मुख छ । भोलि मुद्दा जिल्ला हुँदै पुनरावेदन र सर्वोच्चसम्म पुग्छ । अदालतले दोषी ठहर गरेपछि मात्र रवि दोषी ठहरिने हुन्, तबसम्म सत्ताले चाहँदैमा उनी दोषी साबित हुने होइनन् ।

अनुसन्धानलाई प्रभावित पार्न सत्ताले आफ्नो 'फेवर'को सिडिओ या प्रहरीका हाकिम सरुवा गरिरहेकै छ । न्यायालयमा राजनीतिक भागबण्डाका आधारमा न्यायाधीश नियुक्ति छँदैछ । कानूनको कुन धारा उपधारा प्रयोग गर्न सकिन्छ, जोडघटाउ भइरहेकै छ । सबै कुराको टुङ्गो लागेपछि रवि दोषी भए दोषी हो, कारबाई हुन्छ, हुनु पनि पर्छ । तर, नयाँ राजनीतिक शक्तिलाई टाउको उठाउनै नदिने नियतले यसरी आक्रमण गर्नु भने स्वीकार्य हुन सक्दैन । रविले बदमाशी गरेकै छन् भने सत्तामा बसेकाहरू पनि के कम छन् ? उनीहरूमाथि अनुसन्धान गरिनुपर्दैन ? कानून प्रयोगमा समेत सत्ताले दोहोरो मापदण्ड अपनाउन मिल्छ ?

रविको आगमनले विशेषगरी काङ्ग्रेस पङ्क्तिमा ठूलो भुईंचालो ल्याएको कुरा नकार्न सकिन्न । दुई महीनासम्म गगन थापा एन्ड कम्पनीले संसद अवरुद्ध गरी संसदीय समितिको गठन गर्ने साह्रै अप्रजातान्त्रिक प्रक्रिया शुरू गऱ्यो, त्यसले भोलि अख्तियार, सिआबी, प्रहरी प्रशासन सबैलाई पङ्गु बनाउने छ । आखिर किन रवि लामिछानेको मात्र खेदो गरेको भन्दा यस दललाई गलाएर भोलि आफ्नो वर्चस्व कायम गर्न सकिन्छ भन्ने मात्र हो । तर यो कदम उनीहरूकै लागि दिनानुदिन प्रत्युपादक भइरहेको छ, हेक्का रहोस् !

डाक्टर सुन्दरमणि दीक्षित, बाबूराम भट्टराई, सुरेन्द्र केसी, प्राध्यापक कृष्ण पराजुली, राम लोहनी आदिको एउटै भनाइ छ–"रविविरुद्ध जे भइरहेको छ, त्यो रविलाई सिध्याउने मेलो हो जुन उनीहरूकै लागि घातक हुनेवाला छ ।

चुनावमा रविलाई नसोचेकै परिणाम आयो । उनको पार्टीले कल्पना पनि नगरेजस्तो सफलता हात पार्दै संसदमा छिर्न सफल भयो, त्यो पनि चौथो ठूलो शक्तिका साथ । र बोनसमा सरकारको सबैभन्दा जिम्मेवार र सक्रिय मन्त्रीपद पाए, गृहमन्त्री बनेर । तर सरकार, संसद्, छानबीनका निकायहरू र सुरक्षा निकायको शङ्कामा रहिरहेका उनी यति बेला अर्को फन्दामा परेका छन् । सर्वसाधारण जनताको सहकारी रकम ठगीमा उजूरी परेपछि र उनीमाथि छानबीन हुनुपर्ने तत्कालीन प्रतिपक्ष नेपाली काङ्ग्रेसको अडानपछि संसदीय छानबीन समिति नै बन्यो । उक्त समितिले रविलाई दोषी देखाउन सकेन । तथापि ठूला दलहरूको साठगाँठ बन्यो, जसरी पनि यसलाई जेल कोच्नैपर्छ नत्र हाम्रो राजनीति स्वाहा हुन्छ । त्यसपछि भने नयाँ परिस्थिति देखा परिरहेको अवस्था विद्यमान छ । अन्ततः उनी पक्राउ परेपछि अहिले प्रहरी अनुसन्धान र अदालतको निर्देशनमा हिंडिरहेका छन् । तर उनी स्वयं, उनको पार्टी, विपक्षी दल तथा शुभेच्छुकहरूले रविको पक्राउलाई राम्रो मानिरहेका छैनन् र उनको पक्षमा बोलिरहेका छन् ।

पोखरामा दिनहुँ आन्दोलन, धर्ना, कोणसभा र दबाबमूलक विभिन्न कार्यक्रमहरू भयो , कि निर्दोष रविलाई छाड्नुपर्ने र ओली सरकार ढल्नुपर्ने जिद्दी कसिरहँदा त्यसको निरन्तरता अहिले काठमाडौंले समेत देखेको छ । रवि निर्दोष हुन् तर उनलाई फसाउन सरकार, सत्तापक्षका दलहरू, अदालत, सुरक्षा निकाय सबै कसिएर लागेका छन् भनेर उनका समर्थकहरूले नियमित भाषण गरिरहेका पनि छन् । यसरी प्रक्रियागत तरीकाले केस अघि बढ्नुपर्ने नियममा भाँजो हाल्न, अदालत र स्वतन्त्र छानबीनका प्रक्रियामा अवरोध गर्न, प्रभाव पार्न र सर्वसाधारणलाई अन्योलमा राख्न रास्वपाले गरेको प्रदर्शन ठीक होइन भन्ने मठाधीशहरूको पनि यहाँ कमी छैन । विभिन्न दलका ठूलाबडा नेताहरूलाई पनि यस्ता आरोप लाग्ने गर्छ र त्यस्ता आरोपमाथि छानबीन हुँदा दोषी भएमा नियमानुसार सजाय पाउने गरेको र दोषी नभए सफाइ पाउने गरेका उदाहरण प्रशस्तै छन् । तर, रविको केसमा यो प्रदर्शन किन भएको होला भन्नेमा अन्योल छाइरहेको अवस्था छ । रविका समर्थकहरूले आफ्ना भ्रष्टाचारका विषय लुकाउन, आफूहरू फस्न लागेको अवस्था छल्न, उदाउँदै गरेका युवाशक्तिलाई शक्तिहीन बनाई आफैं रजगज गर्न र प्रतिशोध साध्न मात्र रविलाई आरोप लगाइएको हो, तर रवि निर्दोष छन् भन्ने दाबी गर्छन् । यो प्रपञ्च देशका दुई ठूला दल र अदालतसमेत मिलेर गरिएको हो भनेर आरोप लगाइरहेका छन् । के वास्तवमा यो आरोप सही हो ? रविको केसमा के रवि निर्दोष नै हुन् त ? के रविलाई फसाएर उनी र उनको वैकल्पिक शक्तिको रूपमा उदाउँदै गरेको दललाई नामेट बनाउन चालिएको चाल हो ? के यसमा राज्यका सबै निकाय रविविरुद्ध जाइलाग्न र उनलाई फसाउन मिलेका छन् त ? बडो सोचनीय विषय बनेको छ र अहिले यसमा बहस पनि चलिरहेको छ ।

एकातिर सरकार ढल्नुमा भ्रष्टाचारका फाइलहरू रविले धमाधम खोल्दै व्यक्ति पक्राउ गर्ने अभियान चलाउनु, ठूला–ठूला काण्डमा ठूला–ठूला नेताकै नाम आउन थाल्नु, ठूला नेताहरू नै पक्राउ पर्ने सम्भावना बढ्नु र अर्कातिर संसद्मैं रविलाई सहकारी ठगको आरोप लगाई नाङ्गेझार पार्नु, प्रमुख प्रतिपक्षी दलले संसदीय छानबीन समितिको माग राखेर महीनौं संसद् अवरुद्ध पार्नु, रविलाई जेलमा नहाली नछाड्ने अभिव्यक्ति दिनु सबै शङ्काको घेराभित्र रहेको मान्न सकिन्छ । यसै क्रममा सहकारी रकम अपचलनमा रविको नाममा किटानी जाहेरी पर्नु, उनीहरूले आरोप लगाएका दुई ठूला दलहरू साठगाँठ गरी सरकार गठनको प्रक्रियामा जानु, संसदीय समिति बन्नु, समितिले छानबीन गरी रविलाई दोषी ठहर गर्नु, प्रतिवेदन प्राप्त हुनासाथ कार्यान्वयन गर्ने हतारो निर्णय गर्नु, लगत्तै रविलाई पक्राउ आदेश जारी गरी पक्राउ गर्नु मुख्य उदाहरण हुन् ।

रविले सत्तामा बसेर अपराध गरेका होइनन् । अन्य दलका नेता, कार्यकर्ता र आसेपासेले लामो समय सत्तामा बसेर अपराध र दुष्कर्म गरेका छन् । यती, ओम्नी, वाइडबडी, एनसेल, सुनकाण्ड, भूटानी शरणार्थी काण्ड, बालुवाटार र बाँसवारी जुत्ता कारखाना जग्गा प्रकरण, बुढीगण्डकीलगायत कति छन् कति, काण्डैकाण्ड र प्रकरणहरू । रविले गरेको भनिएको सहकारी बचत अपचलन त्यसको तुलनामा कैयौं गुणा ठूला छन् यी काण्डहरू । तर त्यसको छानबीन र अनुसन्धान किन भइरहेको छैन ? कहाँ छ सरकार र तिनको अख्तियार तथा सम्पत्ति शुद्धीकरण गर्ने निकाय ? सत्ता, सरकार र निजी क्षेत्रमा समेत उनीहरूकै हालीमुहाली छ । आलोपालो राज्यको दोहन गर्ने, ऐनकानूनलाई समेत प्रभावमा पार्ने गरिएको छ । जति पनि बेथिति, भ्रष्टाचार र कुसंस्कार चलिरहेको छ, त्यसमा सुधार खोज्नेलाई उनीहरूले सहन सकेका छैनन् । राजनीतिमा लुट, बेथिति र कुसंस्कार चलाइरहेका छन् । नागरिकले कुनै सुविधा पाएको छैन । सत्ताधारीहरू नागरिकप्रति चरम अनुदार छन् । यसबारे प्रश्न उठाउने रविहरूलाई सत्ताबाटै विस्थापित गर्ने, बेदखल गर्ने र आफ्नो साम्राज्य कायम राख्ने यथास्थितिवादी दलहरूको सिन्डिकेटका कारण अहिले छानबीनको नाटक चलिरहेको बुझ्न कठिन छैन । त्यसैले उनीहरूको साम्राज्य ढाल्नेगरी शक्तिशाली बन्दै गएको उदीयमान नयाँ दल र राजनीतिक शक्ति उनीहरूका लागि ठूलो राजनीतिक शत्रु देखिएको हुनाले यो हत्कण्डा प्रयोग भइरहेको छ ।

अनुसन्धानका लागि प्रहरी हिरासतमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेमाथि प्रहरीले अमानवीय व्यवहार गरेको भनेर परेको उजूरीमा राष्ट्रिय मानव अधिकार आयोगले विस्तृत छानबीन थालेको छ । घटना गम्भीर प्रकृतिको देखिएको भन्दै आयोगले प्रहरीका उच्च अधिकारीलाई आयोगमैं बोलाएर जवाफ मागिसकेको छ । यसैबाट स्पष्ट हुन्छ– राज्यले जतिजति रविलाई प्रताडित गर्छ, रविको आभा देशभरी झनै बढिरहेको छ ।

# नेप्से परिसूचकमा उच्च अङ्कको गिरावट

काठमाडौं, १ पुस/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको गिरावट देखिएको छ । सोमवार परिसूचक ५१ दशमलव ३७ अङ्कले घटेर दुई हजार ६३० दशमलव ९१ को बिन्दुमा कायम भएको हो । यो एक दशमलव ९१ प्रतिशतको गिरावट हो ।

आज ३०४ कम्पनीका एक करोड २७ लाख ४५ हजार ७७७ कित्ता शेयर ६७ हजार ६४८ पटक खरीद–बिक्री भएको छ । आज नेप्सेमा रु पाँच अर्ब ९३ करोड ५६ लाख चार हजार ८४७ बराबरको कारोबार भएको छ ।

आज सबै समूहको उपसूचक रातो देखिएको छ । सबैभन्दा धेरै वित्त समूह चार दशमलव ४१ र व्यापार समूह तीन दशमलव ५५ प्रतिशतले घटेको छ । बैंकिङ एक दशमलव ४९, विकास बैंक दुई दशमलव ०३, होटल तथा पर्यटन दुई दशमलव ३१, जलविद्युत् दुई दशमलव ३६, लगानी एक दशमलव ५६ र जीवन बीमा एक दशमलव ८२ प्रतिशत प्रतिशतले घटेका छन् ।

त्यस्तै, उत्पादन तथा प्रशोधन एक दशमलव १६, लघुवित्त एक दशमलव ८६, म्युचुअल फन्ड शून्य दशमलव ९१, निर्जीवन बीमा एक दशमलव ४२ र अन्य समूह एक दशमलव ४५ प्रतिशतले घटेका छन् । आजको कारोबारमा २२७ कम्पनीका शेयर मूल्य घट्दा १५ कम्पनीको शेयर मूल्य मात्रै बढेको छ । कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# कानून व्यवसायलाई व्यवस्थित बनाउन जरुरी -मन्त्री चौरसिया



तस्वीरः फाइल

काठमाडौं, १ पुस/रासस

कानून, न्याय तथा संसदीय मामिलामन्त्री अजय चौरसियाले कानून व्यवसायलाई थप मर्यादित र व्यवस्थित बनाउन नेपाल कानून व्यवसायी परिषद् ऐन परिमार्जन गर्न जरुरी रहेको बताएका छन् ।

राष्ट्रियसभा अन्तर्गतको विधायन व्यवस्थापन समितिको सोमवारको बैठकमा कानून व्यवसायी परिषद् ऐन (दोस्रो संशोधन) विधेयक, २०५१ माथिको सैद्धान्तिक छलफलमा उनले यस्तो बताएका हुन् । "कानून व्यवसायलाई व्यावसायिक र समसामयिक बनाउन परिषद्को ऐन परिमार्जन गर्न जरुरी छ," मन्त्री चौरसियाले भने, "अनुशासनको कारबाई, वरिष्ठ अधिवक्ताको मापदण्डलाई थप प्रभावकारी बनाइएको छ, यसले कानून व्यवसायलाई व्यवस्थित बनाउन सहयोग गर्छ । समितिमा बृहत् छलफल गरेर परिमार्जन गर्नुपर्छ ।"

सोही मन्त्रालयका सचिव उदयराज सापकोटाले लयर्स एकेडेमी खोलेर कानून व्यवसायीलाई तालीम दिने व्यवस्था गरिएको र विधेयक धेरै विषय परिमार्जन गरेर आएको बताए । उनले तालीमका लागि स्रोत व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा भने धेरै प्रश्न उठ्ने गरेको र विधेयकमा विभिन्न चरणमा सजायका प्रावधानहरू रहेको जानकारी दिए ।

समितिकी सभापति तुलसाकुमारी दाहालले विधेयकमाथि सैद्धान्तिक छलफलपछि सरोकार भएका पक्ष र विज्ञसँग छलफल गरेर दफावार छलफल गरिने बताइन् ।

# पाँच महीनामा पूँजीगत खर्च ११ प्रतिशत, २८ प्रतिशत राजस्व सङ्कलन

काठमाडौं, १ पुस/रासस

चालू आर्थिक वर्ष २०८१/८२ को सुरुआती पाँच महीनामा सरकारको आम्दानी र खर्च दुवै कमजोर देखिएको छ । मङ्सिर मसान्तसम्म सरकारले वार्षिक लक्ष्यको २८ प्रतिशत राजस्व उठाएको छ भने करीब ३० प्रतिशत बजेट खर्च गरेको महालेखा नियन्त्रकको कार्यालयले जनाएको छ ।

कार्यालयको तथ्याङ्क अनुसार सरकारको विकास खर्च कमजोर देखिएको छ । चालू आर्थिक वर्षका लागि पूँजीगत शीर्षकमा रु तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख विनियोजन भएकोमा हालसम्म ११ दशमलव ५८ प्रतिशत अर्थात् रु ४० अर्ब ८० करोड छ लाख मात्रै खर्च भएको छ ।

चालूगत शीर्षकमा मङ्सिर मसान्तसम्मको खर्च ३१ दशमलव ८७ प्रतिशत छ । यो वर्ष चालू शीर्षकमा रु ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख विनियोजन भएकोमा हालसम्म रु तीन खर्ब ६३ अर्ब ५५ करोड १४ लाख बराबर खर्च भएको हो ।

त्यस्तै, वित्तीय व्यवस्था शीर्षकमा छुट्याइएको बजेट वार्षिक लक्ष्यको ४१ दशमलव ३२ प्रतिशत खर्च भएको छ । मुख्यगरी सार्वजनिक ऋणको साँवा र ब्याज तीर्न खर्च हुने वित्तीय व्यवस्था शीर्षकमा चालू आर्थिक वर्षका लागि रु तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख विनियोजन भएको थियो । उक्त शीर्षकमा हालसम्म रु एक खर्ब ५१ अर्ब ७६ करोड ५७ लाख बराबर खर्च भएको हो ।

मङ्सिर मसान्तसम्ममा वार्षिक लक्ष्यको २७ दशमलव ५७ प्रतिशत अर्थात् रु चार खर्ब पाँच अर्ब ७७ करोड ३० लाख राजस्व सङ्कलन भएको छ । चालू आर्थिक वर्षका लागि सरकारले रु १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख राजस्व उठाउने लक्ष्य राखेको छ ।

त्यस्तै, यस वर्ष रु ५२ अर्ब ३२ करोड ६५ लाख वैदेशिक अनुदान लिने लक्ष्य राखेको सरकारले हालसम्म कुनै पनि अनुदान लिएको देखिंदैन ।

# अङ्गदान र प्रत्यारोपणसम्बन्धी जानकारी अब अनलाइनबाटै

काठमाडौं, १ पुस/रासस

नेपालमा अङ्ग प्रत्यारोपण गर्नुपर्ने बिरामी तथा दान गर्ने दाताले अब अनलाइनबाटै जानकारी लिन सक्ने भएका छन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्वास्थ्य सेवा विभाग टेकु तथा शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रको संयुक्त नियन्त्रणमा रहनेगरी थालेको अनलाइन सेवाको स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले सोमवार उद्घाटन गरेका छन् ।

उनले यस सेवाबाट देशभरका नागरिक लाभान्वित हुनेगरी सेवा विस्तार गर्न मन्त्रालयले आवश्यक काम गरिरहेको बताए । "देशमा मिर्गौला प्रत्यारोपण गरेका ९८ प्रतिशत तथा फोक्सो प्रत्यारोपणपछि ९० प्रतिशत नागरिक सामान्य जीवन बाँचिरहेका छन् । हामी प्रत्यारोपण सेवा अझ विस्तार गर्न प्रतिबद्ध छौं । त्यसका लागि हाल भक्तपुरस्थित केन्द्रका अलावा सरकारीस्तरमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र सुर्खेत प्रादेशिक अस्पतालले अङ्ग प्रत्यारोपण सेवा दिइरहेकामा भेरी अस्पताल घोराही दाङ, सुदूरपश्चिम प्रदेशमा धनगढीस्थित सेती प्रादेशिक अस्पताल तथा बाग्मतीको भरतपुर अस्पतालमा समेत मानव अङ्ग प्रत्यारोपण सेवा विस्तार गर्ने लक्ष्य छ," मन्त्री पौडेलले भने ।

अनलाइनमार्फत अङ्गदान गर्नेले दर्ता गराउन सक्ने र लिन चाहनेले त्यसबारे जानकारीसमेत पाउने व्यवस्था गरिएको छ । मस्तिष्क मृत्युपश्चात् तत्काल जानकारी अनलाइनमा राखिने भएकाले यसले प्रत्यारोपणका लागि बिरामी उपचाररत अस्पतालले समेत तत्काल जानकारी प्राप्त गर्ने शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका प्रमुख डा पुकारचन्द्र श्रेष्ठले बताए ।

नेपालमा १२ वर्षमा शहीद धर्मभक्त केन्द्रमार्फत एक हजार ३३५ मा मिर्गौला तथा ३० जनामा फोक्सो प्रत्यारोपण भइसकेको छ । देशको सरकारी प्रत्यारोपणसम्बन्धी एकमात्र विशिष्टीकृत यस केन्द्रले बर्सेनि तीन हजार अपेक्षितमध्ये दुई सयलाई मात्र मिर्गौला प्रत्यारोपण सुविधा दिन सकेको छ ।

दाता अभावमा अन्य अस्पतालले एक सयजनालाई मात्र अङ्ग प्रत्यारोपण गर्न सकेका छन् । जीवित व्यक्तिले परिवारलाई मात्र दिन पाउने तर मस्तिष्क मृत्यु भएपछि दान गर्ने दाता कम भएका कारण कैयौंले दाता अभावमा ज्यान गुमाउनुपरिरहेको त्यस अवसरमा जानकारी दिइयो । दाता, लिन चाहने बिरामी र अस्पताल बढ्दै जाँदा अनलाइन प्रणालीले ताजा जानकारी दिने भएकाले यसले धेरैको ज्यान बचाउन मदत गर्ने विश्वास गरिएको केन्द्रकी मिर्गौला रोग विशेषज्ञ डा कल्पना श्रेष्ठले बताइन् । "एकीकृत अनलाइन प्रणालीले अस्पताल र बिरामी दुवैलाई धेरै सजिलो बनाउँछ । यसबाट धेरैजना लाभान्वित हुने हाम्रो विश्वास छ," उनले भने ।



**खोलामा तरकारीखेतीः** दाङको घोराही उपमहानगरपालिका–१४ स्थित कट्टुवाखोलामा स्थानीयले व्यावसायिकरूपमा गरेको खोलेसाग खेती । तस्बिरः कुलदीप न्यौपाने/रासस



**कृष्णसारः** शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको हीरापुरफाँटामा संरक्षित कृष्णसार अवलोकन गर्न बनाइएको टावर र सो वरपर चर्दै गरेका कृष्णसार । यहाँ दुई सय बढी कृष्णसार संरक्षित छन् । तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस

# ललितपुरमा 'इन्टेलिजेन्स ट्राफिक लाइट' सञ्चालनमा

पाटन (ललितपुर), १ पुस/रासस

ललितपुरमा 'इन्टेलिजेन्स ट्राफिक लाइट' सञ्चालनमा आएको छ । बाग्मती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जनले पुल्चोकस्थित ललितपुर महानगरपालिका अगाडिको सडकछेउमा रहेको 'स्विच अन' गरेर आज यो प्रविधिको शुभारम्भ गरेका हुन् ।

ललितपुर महानगरपालिकाको लागतमा सवारीसाधन व्यवस्थापनका लागि सडकमा इन्टेलिजेन्स ट्राफिक लाइट शुभारम्भ गरिएको हो । "महानगरका सबै प्रमुख सडक क्षेत्रमा ट्राफिक व्यवस्थापनका लागि यो प्रणाली प्रभावकारी हुनेछ, देशभर दर्ता भई सञ्चालनमा रहेकामध्ये ६० प्रतिशत सवारीसाधन बाग्मती प्रदेशमा छन्, यसलाई व्यवस्थापन गर्नु ज्यादै चुनौतीपूर्ण छ । विज्ञान र प्रविधिमा आधारित गरेर 'स्मार्ट ट्राफिक' व्यवस्थापनका लागि भएको यो काम महत्त्वपूर्ण छ," उनले भने ।

महानगर प्रमुख चिरिबाबू महर्जनले भने, "यो लाइट स्वचालित भएकाले अन्य परम्परागत ट्राफिक लाइटभन्दा फरक र सहज पनि रहेको छ । सँगै राखिएको 'भेहिकल डिटेक्टर'ले सवारीसाधनको नम्बर तथा विवरण 'रिड' गर्छ । प्रणालीले नै कुन दिशातर्फ कति समय चाहिने हो आफैं निर्धारण गर्छ । हाल यसको 'मनिटरिङ' प्रणाली ट्राफिक कार्यालयमा राखिएको छ ।"

महानगर उपप्रमुख मञ्जली शाक्य बज्राचार्यले धेरै विद्यामा ललितपुर महानगरपालिकाले नयाँ कामको शुरूआत गरेको छ भनिन् ।




उपप्रमुख बज्राचार्यले नेपालमैं पहिलोपटक सञ्चालनमा आएको यो प्रविधिलाई प्रभावकारी बनाउन सबै मिलेर काम गर्नुपर्नेमा जोड दिइन् । उनले सवारीसाधन र सवारीचालक तथा पैदलयात्रीलाई ध्यान दिएर 'म्युनिसिपल मास्टर प्लान' अन्तर्गत यो परियोजना लागू गरिएको बताइन् ।

ललितपुर महानगरपालिकाले दशैं अघि शुरू गरेर कुपण्डोलदेखि जावलाखेलसम्म पाँच स्थानमा यस्ता लाइट जडान गरेको छ । जडानको सबै प्रक्रिया सकिएपछि सोमवारदेखि नियमित सञ्चालनमा ल्याइएको हो ।

लाइटसँगै राखिएको 'भेहिकल डिटेक्टर मेशीन'ले सडकमा सवारीसाधनको सङ्ख्या तत्काल 'रिड' गरेर तत्कालै 'ट्राफिक लाइटको चिप तथा सर्भर'लाई जानकारी गराउँछ । सोही आधारमा व्यवस्थापन प्रणालीले जता धेरै सवारीसाधन छन्, त्यतातिर हरियो बत्ती बाल्छ । काठमाडौंतर्फका ट्राफिक लाइटमा यात्रीले धेरै समय कुर्नुपर्ने भएपनि ललितपुरमा धेरैमा ३० देखि ५० सेकेन्ड मात्रै पर्खे पुग्ने अवस्था बनाइएको महानगरले जनाएको छ ।

यो 'लाइट फिक्स, पुलिस म्यानुअल, सिङ्क्रोनाइजेशन, एटिसिएस'लगायत आवश्यकता अनुसारको 'मोड'मा प्रयोग गर्न सकिने प्राविधिक सुयशभक्त माथेमाले जानकारी दिए । उनका अनुसार यसमा पाँच वर्षसम्म तथ्याङ्क भण्डारण हुन्छ भने सवारीसाधन र दुर्घटनाको विवरणसमेत रहन्छ । लाइट जडान गरेको नमूना पावर ग्रेड जेभीले शुरूमा ११७ स्थानमा सम्भाव्यता अध्ययन गरे पनि अति आवश्यक पर्ने पाँच स्थानमा यो प्रविधि जडान गरिएको हो ।

# सिरक डसना बनाएर मनग्य आम्दानी

बरहथवा (सर्लाही), १ पुस/रासस

सर्लाहीको हरिपुर नगरपालिका–५ लक्ष्मीपुरका ६५ वर्षीय मोहमद रफीकलाई पछिल्ला दिनमा सिरक–डसना बनाउन भ्याइनभ्याइ भएको छ ।


तस्वीरः रासस

सिरक डसना बनाउने पेशाले मनग्य आम्दानी हुने उनी बताउँछन् । रफीकका दुई छोरा सोही काममा वैदेशिक रोजगारमा छन् । उनका एकजना छोरा टयाक्टरमा पुरानो लुगा पेलेर सिरक डसना बनाउने काम गर्दै विभिन्न स्थान पुग्ने गर्छन् । मोहमद भने गाउँ तथा नजीकैको बजार क्षेत्रमा सिरक डसना बनाउने काम गर्छन् ।

यस कामबाट आम्दानी राम्रो हुने गरेको हरिपुर–५ का कालीगढ हसन मन्सुरले बताए । "सिरक–डसना बनाउने काम हामीले पुस्तैनी धन्धाको रूपमा सिकेका हौं"–उनी भन्छन्–"व्यापारीले काम दिएको बेला बजारतिरै काम गर्छौं । बाँकी समय गाउँगाउँ पनि पुग्छौं ।"

धनुषा, पर्सा, काठमाडौंसम्म पुगेर सिरक–डसना बनाउने काम गरेको रफीकले बताए । उनका अनुसार एकजना कालीगढले दिनमा सातवटासम्म सिरक वा डसना बनाउन सक्छ । पसले वा स्थानीयबाट लम्बाइ र चौडाइ हेरेर एउटा सिरक वा डसना बनाएको कम्तीमा रु सात सय ज्याला लिने गरेको उनले बताए ।

सिरक डसना बनाउन सम्पूर्ण सामान साहुले नै उपलबध गराइदिन्छन् । कपास फिट्ने लाठी र सियोको भरमा मनग्य आम्दानी गर्ने गरेको मन्सुरको भनाइ छ । जस्तोसुकै भए पनि सीप भएपछि कमाइ गर्न समस्या नहुने उनी बताउँछन् । औपचारिक शिक्षा नलिएका तीनैजना बुबाबाजेबाट सिकेको सीपले स्वरोजगारी बनेका हुन् । मेहनत गर्न सक्दा गाउँ ठाउँमैं काम पाइने उनको भनाइ थियो ।

यामको तीन/चार महीना कात्तिक, मङ्सिर, पुस र माघसम्म मासिक रु डेढ लाखको हाराहारी आम्दानी गर्ने गरेको रफीकले बताए । "दिनको झन्डै रु पाँच हजारसम्म आम्दानी हुन्छ"–उनले भने–"बिहानैदेखि आँखा देखुन्जेल काम गर्नुपर्छ । सिरक डसना बनाएर कमाएको आम्दानीले परिवारका सातजनाको भरणपोषण हुने गरेको उनी बताउँछन् ।

"अहिले छोराहरू पनि कमाउन जान्छन्"–अर्का कालीगढ हाफीज मन्सुले भने–"तर घरमा भएका बुहारी नातिनातिनीहरू सबैको लालनपालन आफैंले गरिरहेको छु ।" कमाइ नभए कसरी परिवार पाल्नु ? उनी प्रश्न गर्छन् । हाफीजका अनुसार पछिल्लो समय विभिन्न प्रकारका म्याटेसले बजार लिएपछि सिरक डसनाको माग कम हुँदै गएको छ ।

यसरी सिरक डसनाको मागसँगै बनाउने पेशासमेत सङ्कटमा पर्दै गएकोमा उनले दुःखेसो गरे–"बजारमा विभिन्न म्याटेस पाइन्छ । गाउँमा पनि त्यही राख्न थालेका छन् । गाउँगाउँमा टयाक्टरमा उपकरण लिएर हिंड्नेले पुरानो लुगाबाट सिरक डस्ना बनाउन थालेपछि कपासको प्रयोग गरेर सिरक डसना बनाउने काम झन् घट्दै गएको छ ।"

प्रत्येक वर्ष चीसो बढ्दै जाँदा जाडोको जोहो न्यानो सिरक डसनाको खपत बढ्ने गर्दछ । यस वर्ष पनि समयमैं चीसो शुरू भएकोले जिल्लामा सिरक डसना बनाउने जनशक्तिको चहलपहल बाक्लिनुका साथै बजार पसलमा समेत सिरक डसनाको माग बढ्दै गएको सर्लाहीको बरहथवा बजारमा सिरक डसना व्यापारी रामदरेश ठाकुर बताउँछन् ।

# नेपाल–चीन सीमा : उपल्लो डोल्पामा सीमा सुरक्षा राख्ने योजना अन्योलमैं

रामचन्द्र न्यौपाने
डोल्पा, १ पुस/रासस

कर्णाली प्रदेशका १० जिल्लामध्ये हुम्ला र डोल्पामा चिनियाँ नाका पर्छन्। हुम्लामा हिल्सा नाका पर्छ भने डोल्पामा मोरिम्ला र क्याटो नाका पर्छन्। हिल्सा नाका पूर्णरूपमा सञ्चालनमा छ।

हिल्सा नाका सञ्चालनमा आएसँगै हुम्लावासीलाई दैनिक उपभोग्यलगायत सामग्री किनमेल गर्न सहज भएको छ। हिल्सा क्षेत्रमा सीमा सुरक्षाका लागि हिल्साबाहेक डोल्पाको मोरिम्ला नाका भारतबीच हुने त्रिदेशीय व्यापारिक नाकाका रूपमा समेत रहेका छन्। रणनीतिक महत्त्व बोकेका यी तीन नाकामध्ये मोरिम्ला नाका पूर्णरूपमा सञ्चालन आएमा चीनको सामान नेपाल हुँदै भारत र भारतको सामान नेपाल हुँदै चीन पुऱ्याउन सकिन्छ। यी तीन नाका जोड्ने प्रमुख सडक भेरी करिडोर हो। जुन सडकको जाजरकोट जिल्लाको तल्लुबगरसम्म स्तरोन्नति शुरू गरिएको छ भने त्योभन्दा माथि मोरिम्लासम्म ट्र्याक मात्र खुलाइएको छ।



पनि आशिंकरूपमा खुल्ने तर प्रचुर व्यापारिक सम्भावना बोकेको चिनियाँ नाका हो। पाँच वर्ष अघिसम्म नियमितरूपमा प्रत्येक वर्ष खुल्ने मोरिम्ला नाका यस वर्ष पाँच वर्षपछि खुलेको हो।

कोरोना कहरपछि चीनले पाँच वर्षसम्म नाका खुलाउन अनुमति नदिंदा नाका खुल्न सकेन। यस वर्ष गत साउन महीनामा १५ दिनका लागि नाका खुलाइएको हो भने प्रवेशका लागि जिल्ला प्रशासन कार्यालय, डोल्पाले एक हजार आठ सयभन्दा धेरै सीमा पास जारी गरेको थियो।

अस्थायीरूपमा सञ्चालन हुँदै आएको मोरिम्ला नाका क्षेत्रमा सशस्त्र प्रहरीको सुरक्षा (बिओपी) राख्ने कुरा वर्षौंदेखि अन्योलमा पर्दै आएको छ। दुई देशबीचको व्यावहारिक समझदारीमा नाका सञ्चालन भएपनि न सीमा सुरक्षा पोस्ट छ, न त भन्सार कार्यालय राखिएको छ।

नेपालको संविधान अनुसार सीमा सुरक्षा गर्ने दायित्व सशस्त्र प्रहरीको हो। तर डोल्पाका पुराना यी दुई नाका भने शुरूदेखि नै सीमा सुरक्षा फौज राखिएको छैन। यी दुई नाका चीन नेपाल र

डोल्पामा पर्ने ल्यासीक्यापदेखि शिसौलसम्मको ४० किलोमिटर सडक त ट्र्याक नै खुलाइएको छैन। भौगोलिकरूपमा कठिन भूगोल भएकाले सेनालाई निर्माणको जिम्मा दिने बताइएको एक वर्ष बितिसक्दासमेत काम शुरू भएको छैन। मोरिम्ला नाका डोल्पोबुद्ध गाउँपालिकामा पर्छ भने क्याटो नाका शे–फोक्सुण्डो गाउँपालिकामा पर्छ। उपल्लो डोल्पामा बसोबास शुरू भएदेखि उपल्लो डोल्पावासी र तिब्बती व्यापारीबीच दैनिक उपभोग्य वस्तुलगायत वस्तुहरूको व्यापार हुँदै आएको उपल्लो डोल्पावासीको भनाइ छ।

उपल्लो डोल्पाका डोल्पोबुद्ध, छार्काताङ्सोङ् र शे–फोक्सुण्डो गाउँपालिकाका बासिन्दालाई जिल्ला सदरमुकाम झरेर दैनिक उपभोग्य सामग्री किनमेल गर्न पाँच दिन लाग्ने भएकाले पनि दुई दिनमा क्याटो र मोरिम्ला नाका पुगेर किनमेल गर्न सजिलो हुन्छ। त्यति मात्र नभई यी दुई नाका आधिकारिकरूपमा खुलाइएमा चिनियाँ सामान सीधैं नेपाली बजारमा भित्र्याउन सकिने र नेपालमा उत्पादन हुने यार्सागुम्बालगायत नेपाली जडीबुटी सीधैं चिनियाँ बजारमा निर्यात गर्न सकिने डोल्पाली व्यापारीहरू बताउँछन्।

त्यसो त उपल्लो डोल्पावासीले पहिलादेखि नै चिनियाँ नाकाबाटै दैनिक उपभोग्यलगायत सम्पूर्ण घरायसी सामान खरीद गरेर आफ्ना आवश्यकता टार्दै आएका छन्। उपल्लो डोल्पावासीले खाद्यवस्तु मात्र होइन मोटरसाइकललगायत मेशिनरी सामानसमेत चिनियाँ नाकाबाट खरीद गर्दै आएका छन्। नेपालमा सात लाखसम्म पर्ने मोटरसाइकल दुई/तीन लाखमैं आउने भएपछि आवतजावतको सुविधाका लागि प्रायः स्थानीयले चिनियाँ नाकाबाट मोटरसाइकल खरीद गर्ने गरेको धेरै वर्ष भएको डोल्पोबुद्ध गाउँपालिकाका स्थानीयको भनाइ छ।

**सीमा सुरक्षाको जिम्मेवारी**

उपल्लो डोल्पामा रहेका मोरिम्ला र क्याटो नाका सुरक्षाका लागि राज्यले नै बेवास्ता गरेको पाइएको छ। प्रत्येक वर्ष सीमा क्षेत्र अनुगमनका लागि भन्दै हेलिकप्टरमा उपल्लो डोल्पा पुग्ने सरकारी प्रतिनिधि, उच्च राजनीतिक नेतृत्वले पनि नाकालाई वैध बनाउनका लागि ठोस कदम चाल्ने बताउने गरे पनि काम भने भएको छैन। त्यति मात्र नभई स्थानीय सरकारका प्रतिनिधि, जिल्लास्थित सुरक्षाका निकायका प्रमुखहरू, जिल्लाका सांसद, मन्त्रीहरूको पनि भ्रमण हुने गरे पनि उपलब्धि भने शून्य देखिन्छ।

मोरिम्ला र क्याटो नाकालाई स्थायी बनाउन पहिलो काम भनेको सशस्त्र प्रहरीको बिओपी स्थापना गर्नुपर्ने जिल्लाका सुरक्षा अधिकारीहरू नै बताउँछन्। यससँगै अस्थायी भएपनि भन्सार कार्यालय स्थापना गर्नुपर्ने उनीहरूको भनाइ छ। जग्गा प्राप्तिपछि सरकारले सीमा क्षेत्रमा अत्याधुनिक भवन बनाइदिएमा बाह्रै महीना बसेर सशस्त्र प्रहरीले सिमाना सुरक्षा गर्न सक्ने बताइन्छ।

नेपाल–चीन सीमा सुरक्षाका लागि जिम्मा पाएको सशस्त्र प्रहरी नहुँदा नेपालको भौगोलिक अखण्डताको रक्षामा राज्यले नै चासो नदिएको प्रस्ट हुने डोल्पाका सरोकारवाला बताउँछन्। त्यति मात्र नभई सीमा क्षेत्रको निगरानी, शान्तिसुरक्षा कायम गर्न र ऐतिहासिक सम्पदाहरूको संरक्षण गर्ने कार्यसमेत हुन सकेको छैन। अहिले एकलरूपमा चिनियाँ प्रहरीले सीमा क्षेत्रहरू नियमितरूपमा अनुगमन गरिरहेको देख्न सकिने उपल्लो डोल्पावासी बताउँछन्।

सीमा सुरक्षा राज्यको प्रमुख दायित्व भएकोले राज्य र सरकारको चासो धेरै हुनुपर्ने डोल्पोबुद्धका स्थानीय पेम्माछेवाङ गुरुङले बताए। त्यसमा पनि डोल्पाबाट निर्वाचित मन्त्रीहरूले यो कुरा सरकारसम्म पुऱ्याएर कार्यान्वयन गर्न लगाउनुपर्ने उनको भनाइ छ।

“उपल्लो डोल्पाको तीन्जेमा सशस्त्र प्रहरीको बिओपी राख्ने कुरा वर्षौंदेखि उठे पनि अहिले अन्योलमा परेको छ, तीन्जेबाट मोरिम्ला नाका नजीक पनि पर्छ, आफ्नो देशभित्रको साँध सिमाना सुरक्षा गर्ने दायित्व राज्यको हो तर डोल्पाको हकमा राज्यको चासो देखिंदैन,” उनले भने, “जग्गा खोज्नका लागि आवश्यक पहल स्थानीय सरकारले गर्नुपर्छ, जुन कुरा भएको छैन, बिओपी स्थापना गर्न राज्य पनि तातिएको छैन।”

सशस्त्र प्रहरीका अनुसार बिओपी स्थापनाका लागि पाँच रोपनीभन्दा माथि नै जग्गा चाहिन्छ। तर डोल्पोबुद्ध गाउँपालिकाकै धो ताक्सीमा इलाका प्रहरी कार्यालय स्थापना गर्ने भन्दै साढे एक रोपनी जग्गा प्राप्त भएर शिलान्यास गरिएको भवन अलपत्र छ। सीमा सुरक्षाका लागि सशस्त्र प्रहरीको बिओपी राख्दा सीमा क्षेत्रबाट पनि टाढा पर्ने भएकाले बिओपी राख्न उपयुक्त नहुने जिल्लाका सुरक्षा अधिकारी बताउँछन्।

मोरिम्ला नाकाबाट नजीक पर्ने तिन्जे, पोल्दे, फालमध्ये एक ठाउँमा बिओपी स्थापना गर्नुपर्ने उनीहरूको भनाइ छ। बिओपी स्थापनाका लागि पाँच रोपनीभन्दा माथि नै जग्गा आवश्यक पर्नेछ।

**यस कारण आवश्यक छ बिओपी**

आफ्नो देशको साँध सिमाना सुरक्षा गर्नु देशको प्रमुख दायित्व हो। विश्व परिवेश नियाल्दा आफ्नो सीमा क्षेत्र रक्षाका लागि कतिपय देशबीच युद्धसमेत हुने गर्छ। भौगोलिक अखण्डताको सुरक्षा, भौगोलिक सीमा सुरक्षा सुनिश्चित गर्न, अनधिकृत आवागमन तस्करी, गैरकानूनी गतिविधिहरूको खतरासमेत बढेको छ। त्यति मात्र नभई सीमावर्ती बस्तीहरूको सुरक्षा, आपत्कालीनरूपमा आइपर्ने प्राकृतिक प्रकोपका घटनाहरूमा राहत तथा उद्धारको पूर्वतयारीसमेत हुन सकेको छैन।

राज्यले जतिसक्दो चाँडो सशस्त्र प्रहरीको बिओपी स्थापना गर्नुपर्ने नागरिक समाज डोल्पाका अध्यक्ष शेरबहादुर बुढाले बताए। सीमा क्षेत्र परेको ठाउ ठमा सुरक्षा बल राख्नु राज्यको प्रमुख दायित्व भएको उनको भनाइ छ। त्यसका लागि डोल्पाबाट निवार्चितहरूको विशेष

(बाँकी पाँचौं पातामा)

# लामिछानेमाथिको अनुसन्धान प्रतिवेदन बुझाइयो

गण्डकी, १ पुस/रासस

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेमाथिको अनुसन्धान प्रतिवेदन सरकारी वकीलको कार्यालयमा बुझाइएको छ।

जिल्ला प्रहरी कार्यालय, कास्कीले आज सरकारी वकीलको कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाएको प्रहरीका प्रवक्ता वसन्तकुमार शर्माले जानकारी दिए। सहकारी ठगीसम्बन्धी मुद्दामा कात्तिक २ गते काठमाडौंबाट प्रक्राउ गरी उनलाई पोखरा ल्याइएको थियो।



**ढोलठानमा आन्तरिक पर्यटक:** म्याग्दीको बेनी नगरपालिका–९ मा पर्ने ऐतिहासिक तथा पर्यटकीयस्थल ढोलठानमा प्राकृतिक दृश्यावलोकनका लागि आएका आन्तरिक पर्यटक। तस्बिरः ध्रुवसागर शर्मा/रासस

## फरक समाचार

# च्याउबाट बनेको बिस्कुट

यो बिस्कुट चाख्नाले तपाईंलाई बाल्यकालको सम्झना आउँछ र यो स्वास्थ्यका लागि पनि निकै फाइदाजनक छ। यो बिस्कुट वैज्ञानिकहरूको निगरानीमा



बनाइएको हो। के तपाईंले कहिल्यै च्याउ–बिस्कुट खानुभएको छ ? यदि छैन भने भारतको डा राजेन्द्रप्रसाद केन्द्रीय कृषि विश्वविद्यालयको च्याउ विभागको एडभान्स सेन्टरको काउन्टरबाट च्याउबाट बनेको बिस्कुट किन्न सक्नुहुन्छ। यो बिस्कुट साधारण बिस्कुट नभई स्वास्थ्यका लागि निकै फाइदाजनक मानिन्छ।

**निरन्तर माग बढ्दै :** यो बिस्कुट सामान्यतया पसलमा पाइँदैन तर समस्तीपुर जिल्लाको पुसास्थित डा राजेन्द्रप्रसाद केन्द्रीय कृषि विश्वविद्यालयको च्याउ विभागले तयार गरी खुद्रा बिक्री गर्ने गरेको छ। यसको मूल्य सय ग्रामको भारु ३८ पर्छ। एकपटक यसको स्वाद चाखेपछि बिर्सन गाह्रो हुन्छ। यही कारणले च्याउबाट बनेको बिस्कुटको माग लगातार बढिरहेको छ।

**वैज्ञानिकहरू के भन्छन् :** डा. राजेन्द्रप्रसाद (सहायक प्राध्यापक, च्याउ विभाग, केन्द्रीय कृषि विश्वविद्यालय, पुसा)ले भने च्याउ खान चाहनेहरू पनि सधैं च्याउ किन्न पाउँदैनन्। यस्तो अवस्थामा च्याउबाट बनेको बिस्कुट खान सक्छन्। उनले च्याउमा प्रोटिन, मिनरल्स, भिटामिनजस्ता विभिन्न पोषक तत्त्व पाइने भएकाले स्वास्थ्यका लागि निकै फाइदाजनक रहेको बताए।

च्याउबाट बनेको १०० ग्राम बिस्कुटको मूल्य ३८ रहेको र यसलाई दुई महीनासम्म घरमा राखे पनि सजिलै खान सकिने बताए। उनले यो बिस्कुट किन्न चाहनेले डा. राजेन्द्रप्रसाद केन्द्रीय कृषि विश्वविद्यालयको च्याउ अनुसन्धान केन्द्रको एडभान्स सेन्टरमा सम्पर्क गर्न आग्रह गरेका छन्।

# सन्तान भएपछि वैवाहिक जीवनमा हुने परिवर्तन

विवाहपछि सन्तान जन्मनु कुनै पनि दम्पतीका लागि सबैभन्दा खुशीको क्षण हो। तर यो क्षणले नयाँ जिम्मेवारी र चुनौतीहरू पनि ल्याएको हुन्छ। सन्तान



आएपछि दाम्पत्य जीवनमा धेरै परिवर्तन आउँछ। यस्तो परिवर्तनको कल्पना पनि कसैले गरेको हुँदैन। एकअर्काको लागि समय खोज्ने, निद्राको समस्या र रोमान्सको कमीजस्ता परिवर्तनहरूले दम्पतीहरूलाई नयाँ अनुभवको सामना गर्न बाध्य बनाउँछ। जे होस्, यो समय एकअर्कालाई बुझ्ने र धैर्य गर्ने समय हो, जसले गर्दा सम्बन्ध बलियो हुन्छ।

**समयको अभाव :** सन्तान जन्मेपछि दम्पतीसँग एकअर्काका लागि समय कम हुन्छ। सबै ध्यान बच्चाको हेरचाहमा जान्छ, जसका कारण रोमान्टिक पलहरू र सँगै बिताउन समय हुँदैन। यसले परस्पर गुनासो निम्त्याउँछ र सम्बन्ध अमिलो हुन सक्छ।

**थकान र निद्राको कमी :** नयाँ आमाबुबाका लागि सबैभन्दा ठूलो चुनौती भनेको बच्चाको निद्रा र रुने समयको व्यवस्थापन गर्नु हो। बच्चाहरू रातभर बारम्बार उठ्छन्, जसका कारण आमालाई बारम्बार दूध खुवाउनुपर्छ, डायपर फेर्नुपर्छ र सुताउन आफूलाई शान्त राख्नुपर्छ। यी सबै कुराले थकान बढाउँछ। यसले दुवै साझेदारबीच जलन निम्त्याउन सक्छ।

**प्राथमिकता परिवर्तन :** विवाहको प्रारम्भिक अवधिमा पतिपत्नीले एकअर्काको हेरचाह र खुशीमा ध्यान दिन्छन्। बच्चाको आगमनपछि उनीहरूको प्राथमिकता बच्चाको आवश्यकतामाथि पुग्छ। त्यसपछि पतिपत्नीबीच दूरी बढ्न सक्छ।

**आर्थिक दबाब :** बच्चा जन्मनु अघि एकअर्काको लागि पैसा खर्च गरिन्थ्यो भने बच्चा जन्मेपछि हुर्काउन खर्च बढ्छ। डायपर, दूध, चिकित्सा आदिमा खर्च अचानक बढ्न थाल्छ, जसले पति–पत्नीबीच तनाव उत्पन्न हुन सक्छ।

**भावनात्मक परिवर्तन :** धेरैपटक महिलाहरू नयाँ आमाबाबु बनेपछि पोस्टपार्टम डिप्रेशनको सामना गर्छन्। अचानक बढेको जिम्मेवारीका कारण पुरुषहरू पनि भावनात्मक दबाब महसूस गर्न सक्छन्। यस्तो अवस्थामा घरको वातावरण तनावले भरिन्छ र झगडा हुन सक्छ।

**आपसी संवादको अभाव :** नयाँ आमाबाबु बनेपछि धेरैपटक कुराकानी बच्चाबारे मात्र हुन्छ। जसका कारण आपसी वार्ताका लागि अरू कुनै विषय उपलब्ध हुँदैन। यस्तो अवस्थामा दूरी बढ्न थाल्छ।

**सम्बन्धको नयाँ गहिराइ :** सन्तान जन्मेपछि धेरै चुनौती आउँदा सम्बन्धमा नयाँ गहिराइ पनि आउँछ। सँगै बच्चाको हेरचाह गर्दा जोडी बलियो बनाउँछ। यी परिवर्तनका बावजूद दुवैले एक अर्कालाई साथ दिए, एकअर्काको समस्या बुझे र आपसी समझदारीका साथ काम गरे भने सम्बन्ध सुधार मात्रै होइन, बलियो पनि हुनेछ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# ग्रामी अवार्ड विजेता भारतीय तबलावादक हुसेनको निधन

नयाँ दिल्ली, १ पुस/एएनआई

ग्रामी अवार्ड विजेता भारतीय



तबलावादक उस्ताद जाकिर हुसन । तस्वीरः एजेन्सी

तबलावादक उस्ताद जाकिर हुसैनको आइतवार निधन भएको छ । उनी ७३ वर्षका थिए ।

स्वास्थ्यमा समस्या देखिएपछि उनलाई संयुक्त राज्य अमेरिकाको सान फ्रान्सिस्कोको एक अस्पतालमा भर्ना गरिएको थियो ।

हुसेनको सान फ्रान्सिस्कोको एक अस्पतालमा उपचारका क्रममा निधन भएको उनको पारिवारिक स्रोतले पुष्टि गरेको छ ।

एक शिक्षकको रूपमा उनको कामले अनगिन्ती सङ्गीतकारहरूमा अमिट छाप छोडेको छ । उनले भावी पुस्तालाई अगाडि बढ्न प्रेरित गरेका छन् ।

उनी भारतीय सांस्कृतिक विरासत बोकेको महान् सङ्गीतकार थिए ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, विपक्षी नेता राहुल गाँधीलगायतका नेताले प्रसिद्ध तबलावादक उस्ताद जाकिर हुसेनको निधनप्रति दुःख व्यक्त गरेका छन् ।

उनीप्रति श्रद्धा प्रकट गर्दै प्रधानमन्त्री मोदीले सामाजिक सञ्जाल एक्समा शेयर गरेको पोस्टमा भनिएको छ, "उहाँ एक सच्चा प्रतिभाशाली व्यक्ति हुनुहुन्थ्यो । उस्ताद जाकिर हुसेनले भारतीय शास्त्रीय सङ्गीतको दुनियाँमा क्रान्ति ल्याउनुभएको थियो । देशले उहाँ र उहाँको सङ्गीतप्रतिको योगदानलाई सधैं सम्झिरहनेछ ।"

सङ्गीतज्ञ हुसेनले भारत सरकारबाट पद्मश्री (१९८८) र पद्म भूषण (२००२), विश्व सङ्गीतमा योगदानको लागि चारपटक ग्रामी पुरस्कार, भारतीय शास्त्रीय सङ्गीतमा उत्कृष्टतालाई मान्यता दिने सङ्गीत नाटक एकेडेमी पुरस्कार, अमेरिकामा परम्परागत कलाकारहरूको लागि सर्वोच्च पुरस्कार 'नेशनल हेरिटेज फेलोशिप'सहित धेरै प्रतिष्ठित पुरस्कार प्राप्त गरेका छन् । रासस

# कुर्स्क क्षेत्रमा ३० जना उत्तर कोरियाली सैनिकको मृत्यु

किएभ, युक्रेन, १ पुस/एएफपी

युक्रेनले आफ्नो पश्चिमी कुर्स्क क्षेत्रमा रूसले तैनाथ गरेका कम्तीमा ३० जना उत्तर कोरियाली सैनिकको हताहत भएको सोमवार जनाएको छ ।

युक्रेनको सैन्य गुप्तचर निकायले भनेको छ, "डिसेम्बर १४ र १५ मा कर्स्क क्षेत्रको प्लेखोभो, भोरोज्बा, मार्टिनोभ्का गाउँनजीकै उत्तर कोरियाली सैनिक एकाइमा ठूलो क्षति पुगेको छ ।"

युक्रेनी गुप्तचर अधिकारीले भनेका छन्, "रूसले कब्जा गरेको युक्रेनी भूभाग र वरपरका क्षेत्रमा तैनाथ गरिएका सैनिकलाई लक्षित गरी गरिएका आक्रमणमा कम्तीमा ३० जना उत्तर कोरियाली सैन्य लडाकू हताहत (मृत्यु भएको वा सख्त घाइते भएका) छन् ।"

उत्तर कोरियाबाट हजारौं सैनिक कुर्स्क सीमा क्षेत्रसहित युक्रेनी सीमा क्षेत्रमा रहेका रूसी सेनालाई सहयोग गर्न आएका छन्, यसै वर्षको गृष्मयाममा युक्रेनी सेनाको आश्चर्यजनक आक्रमणपछि पछिल्ला केही महीना रूसले आफ्नो भूमि फिर्ता लिइरहेको छ ।

मस्कोलाई सघाउन उत्तर कोरियाले कम्तीमा १० हजार सैनिक पठाएको पश्चिमी अधिकारीहरूको अनुमान छ । सीमा क्षेत्रमा तैनाथ ती सैन्य एकाइहरूमा 'नयाँ सैनिक'हरू भरिएका छन् र यसमा उत्तर कोरियाली सेना पनि रहेका बताइएको छ ।

मस्कोको आक्रमणपछि रूस र उत्तर कोरियाबीच सैन्य सम्बन्ध प्रगाढ बनेको छ ।

रूसले युक्रेनी सेनालाई कुर्स्क क्षेत्रबाट बाहिर निकाल्नका लागि उत्तर कोरियाली सैनिकलाई उल्लेखनीय सङ्ख्यामा तैनाथ गर्न थालेको जेलेन्स्कीले शनिवार बताएका थिए ।

जेलेन्स्कीले उत्तर कोरियालीहरूलाई 'अन्य भागमा पनि अग्रपङ्क्तिमा प्रयोग गरेको सुनिएको बताएका छन् । रासस

# बङ्गलादेशमा एक वर्षभित्र निर्वाचन हुने

ढाका, बङ्गलादेश, १ पुस/एएफपी

बङ्गलादेशमा आगामी एक वर्षभित्र निर्वाचन हुने सोमवार अन्तरिम नेतृत्वले जनाएको छ ।

बङ्गलादेशमा अगस्तमा विद्यार्थी आन्दोलनले तत्कालीन प्रधानमन्त्री शेख हसिना वाजेदलाई अपदस्थ गरी बनेको कामचलाउ सरकारको नेतृत्व गरिरहेका अन्तरिम नेता मोहम्मद युनुसले आगामी वर्षको अन्त्य वा सन् २०२६ को शुरूमा आमनिर्वाचन हुने बताएका हुन् ।

गत अगस्तमा पूर्वप्रधानमन्त्री शेख हसिनालाई सत्ताच्युत गर्ने विद्यार्थी नेतृत्वको विद्रोहपछि नोबेल शान्ति पुरस्कार विजेता युनुसलाई बङ्गलादेशको सरकारको नेतृत्व सुम्पिएको थियो ।

उनले करीब १७ करोड जनसङ्ख्या रहेको बङ्गलादेशमा लोकतान्त्रिक संस्थाहरूको पुनर्स्थापना गर्ने 'अत्यन्त कठिन' चुनौतीको सामना गर्ने र निर्वाचन गर्ने जिम्मेवारी स्वीकार्दै अस्थायी प्रशासनको नेतृत्व गरिरहेका छन् ।

"सन् २०२५ को अन्त्य वा सन् २०२६ को पूर्वार्द्धसम्म निर्वाचनको मिति तय गर्न सकिन्छ"–उनले सरकारी टेलिभिजनमा भएको एक कुराकानीमा बताएका छन् ।

गत अगस्तमा ढाकास्थित प्रधानमन्त्रीको कार्यालयमा हजारौं प्रदर्शनकारीले आक्रमण गरेपछि ७७ वर्षीया हसिना हेलिकप्टरबाट छिमेकी मुलुक भारततर्फ भागेकी थिइन् । हसिनालाई सत्ताच्युत गर्ने आन्दोलनका क्रममा केही हप्तामा सयौं मानिसको मृत्यु भएको र अधिकांशको प्रहरीको गोलीबाट मृत्यु भएको थियो ।

हसिनाको अवामी लिग पार्टीका प्रमुख समर्थकहरूविरुद्ध प्रतिशोधपूर्ण हत्यामा उनको पलायनपछिको केही घण्टामा कैयौं अवामी लिग समर्थक कार्यकर्ताको पनि मृत्यु भएको थियो ।

उनको सरकारमाथि अदालत र निजामती सेवाको राजनीतीकरण, लोकतान्त्रिक नियन्त्रण ध्वस्त पार्न एकतर्फी निर्वाचन गराएको आरोप पनि लागेको थियो ।

हसिनाको १५ वर्षे शासनकालमा व्यापकरूपमा मानव अधिकार उल्लङ्घन भएको थियो, जसमा उनका राजनीतिक विरोधीहरूलाई सामूहिक हिरासतमा राख्नु र गैरन्यायिक हत्या पनि समावेश थियो । युनुसले आवश्यक सुधारको अनुगमनका लागि आयोगहरू गठन गरेका छन् । निर्वाचनको मिति तोक्ने कुरा राजनीतिक दलहरूको सहमतिमा निर्भर गर्नेछ ।

युनुसले भने–"निर्वाचनको व्यवस्था गर्नु अघि नै मैले सुधार गर्नुपर्छ भन्ने कुरामा जोड दिंदै आएको छु ।"

उनले अगाडि भने–"राजनीतिक दलले त्रुटिरहित मतदाता नामावलीजस्ता न्यूनतम सुधारका साथ पहिलेकै मितिमा निर्वाचन गर्न सहमत भएमा नोभेम्बरको अन्त्यसम्म निर्वाचन गर्न सकिन्छ ।"

तर निर्वाचन सुधारको पूर्ण सूची समावेश गर्दा केही महीना ढिला हुने उनको भनाइ छ ।

प्रधानमन्त्री युनुसले भने–"आवश्यक सुधारमध्ये एक अद्यावधिक मतदाता सूची हो, जुन वर्षौंको अस्थिर लोकतान्त्रिक प्रक्रियापछि 'जटिल' चुनौती हो । यसले सूचीबाट गैरमतदाताहरूको नाम हटाउनुका साथै द्रुत गतिमा बढ्दो युवा जनसङ्ख्यालाई पहिलोपटक मतदाता नामावलीमा दर्ता गर्नु आवश्यक छ ।

युनुसले चुनावमा शतप्रतिशत मतदान सुनिश्चित गर्ने सपना देखेको बताए ।

उनले भने–"यदि यो हासिल गर्न सकियो भने कुनै पनि सरकारले फेरि नागरिकको मताधिकार खोस्ने आँट गर्नेछैन ।

बङ्गलादेशमा पछिल्लोपटक गत जनवरीमा आमनिर्वाचन भएको थियो । निर्वाचन स्वतन्त्र र निष्पक्ष हुने कुरामा आशङ्का व्यक्त गर्दै विपक्षी दलहरूले उक्त निर्वाचन बहिष्कार गरेका थिए भने निर्वाचनमा हसिनाको दल अवामी लिगलाई दुई तिहाइ सीट प्राप्त भएको थियो ।

बङ्गलादेश नेशनलिस्ट पार्टी (बिएनपी) जस्ता पूर्व विपक्षी समूहहरू हसिनाको नेतृत्वमा वर्षौंको दमनपछि अहिले सङ्गठन पुनर्निर्माण गरिरहेका छन् । रासस






**ओदानडाँडाः** जिल्लाको काठेखोला गाउँपालिका–७ रेशस्थित ऐतिहासिक ओदानडाँडा । उक्त स्थानमा चटचाङ पर्दा आकाशबाट खसेको ओदान संरक्षण गरी राखिएको छ । तस्बिरः खेमराज गौतम/रासस

**नेपाल-चीन ...**

पहल हुनुपर्ने बुढाले बताए ।

**हुँदैन सीमा गस्ती**

उपल्लो डोल्पामा सीमा सुरक्षा बल बिओपी नहुँदा नियमितरूपमा सीमा गस्ती हुन सकेको छैन । प्रत्येक दिन सिमानामा नेपाली सुरक्षा टोली पुग्नुपर्ने भएपनि अहिले उपल्लो डोल्पामा पर्ने सीमा क्षेत्र सुरक्षाविहीन भएका छन् ।

तीन्जेमा सशस्त्र प्रहरीको बिओपी स्थापना हुन नसकेको पछि मोरिम्ला र क्याटो दुवै नाका सुरक्षाविहीन भएका हुन् । दुई देशबीचको उक्त सीमा क्षेत्रमा चिनियाँ प्रहरी भने नियमित पुग्ने गरेको उपल्लो डोल्पावासी बताउँछन् । तर नेपालका तर्फबाट भने सुरक्षा बल नहुँदा चिनियाँ प्रहरीले के कस्ता गतिविधि गर्छन् भन्ने कुरा रहस्यमय रहेको उनीहरूको भनाइ छ ।

तीन वर्षअघि आफ्नो सीमा क्षेत्र कायम गरिएको १५ नं पिल्लर हेर्न पुगेका पूर्वाधार विकास कार्यालय डोल्पाका इन्जिनीयर प्रकाश बुढालाई किन आइस् भन्दै चिनियाँ प्रहरीले नियन्त्रणमा लिनसमेत खोजेको थियो । त्यति मात्र नभई चिनियाँ प्रहरी एकलरूपमा सीमा स्तम्भ रङ्गाएको समाचारसमेत बाहिरिएको थियो ।

**सर्वसाधारणमा सधैं सुरक्षा त्रास**

भौगोलिकरूपमा अत्यन्तै विकट उपल्लो डोल्पा पुग्न जिल्ला सदरमुकाम दुनैबाट पाँच दिनसम्म लाग्ने गर्छ । त्यस कारण पनि उपल्लो डोल्पावासीलाई सधैं सुरक्षा त्रास हुने गर्छ । उपल्लो डोल्पाको धो, साल्दाङ्ग, कागकोटलगायत स्थानमा नेपाल प्रहरीको सुरक्षा चौकी राखिएको छ । बाह्रै महीना हिमपात हुने उपल्लो डोल्पामा कात्तिकपछि अत्यधिक चीसो बढ्ने र प्रशस्त हिमपात हुने भएकाले चौकीहरू पनि जिल्ला कार्यालयमा गाभिने गर्छन् । यस समयमा उपल्लो डोल्पामा सुरक्षा चुनौती थपिने शे–फोक्सुण्डो गाउँपालिका–८ का अध्यक्ष नीमा गुरुङले बताए । यस वर्ष पनि सबै चौकी दुनैमा गाभिसकेका छन् ।

कात्तिकदेखि चैतसम्म चीसो नघट्न भएकाले उपल्लो डोल्पा सुरक्षाविहीन हुने गर्छ । छ महीनासम्म सुरक्षा नहुँदा उपल्लो डोल्पामा ऐतिहासिक सम्पदा चोरी हुने, गाउँघर लुटिने, सर्वसाधारण, वन्यजन्तुको आखेटोपहार अवैधरूपमा बिक्री गर्नेजस्ता आपराधिक गतिविधिहरू विगतमा घटेको पाइएको छ । त्यति मात्र नभई हिउँदको समयमा कतिपय सर्वसाधारणहरू घर, गुम्बामा ताला मारेर जाडो छल्न बोसी झर्ने भएकाले हतियारधारी समूहद्वारा पुरातात्त्विक सम्पदा चोरी हुने गरेको हो ।

भरपर्दो सुरक्षा व्यवस्था नहुँदा जिल्ला प्रहरी कार्यालय डोल्पाको 'रिपोर्ट' अनुसार २०७२ सालदेखि हालसम्म उपल्लो डोल्पाबाट ७३ थान प्राचीन मूर्ति चोरी भएकामा ५० थान फेला परे । अझै २३ थान फेला पर्न बाँकी छ । चोर्ने मनसाय राख्ने मान्छेहरू प्रायः मान्छे नभएको मौका छोपी हिउँदको समयमा उपल्लो डोल्पाको गाउँबस्तीमा छिर्ने गरेकाले यस समयमा सुरक्षा खतरा बढ्ने धोका स्थानीयको भनाइ छ । करीब छ महीना उपल्लो डोल्पा सुरक्षाविहीन हुने गर्छ भने छ महीना मात्र नेपाल प्रहरीको आंशिक सुरक्षा हुन्छ । अहिले उपल्लो डोल्पाको फोक्सुण्डोमा बाहेक अन्य सबै सुरक्षा चौकी दुनै सरेको जिल्ला प्रहरी कार्यालय, डोल्पाका प्रहरी निरीक्षक राजेश बस्नेतले जानकारी दिए ।

**छैन अस्थायी भन्सार**

राज्यका कारण मोरिम्ला र क्याटो नाका वैधानिक हुन सकेका छैनन् तर प्रत्येक वर्ष प्रहरी भने खटाइन्छ । यसमा पनि क्याटो नाका कहिलेकाहीं मात्र खुल्ने गर्छ । वर्षमा एकपटक मात्र खुल्ने उक्त नाकाहरूमा अस्थायी भन्सार कार्यालयसमेत राखिएको छैन । जडीबुटीलगायत वन पैदावार बेच्न जाने सर्वसाधारणको चेकजाँचका लागि सीमा क्षेत्रमा डिभिजन वन कार्यालयको चेक पोस्टसमेत छैन । व्यापारीहरू निर्बाधरूपमा जडीबुटीको कारोबार गर्ने गर्छन् । राज्यको दरिलो उपस्थिति नहुँदा प्रत्येक वर्ष नाका खुल्दा गैरकानूनी गतिविधि हुन सक्ने बताइन्छ ।

उपल्लो डोल्पाका कतिपय क्षेत्र शे–फोक्सुण्डो राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने भएकाले कस्तुरी, हिउँ चितुवालगायत वन्यजन्तुहरू पाइन्छन् । त्यति मात्र नभई बहुमूल्य जडीबुटी पुरातात्त्विक मूर्ति राखिएका ऐतिहासिक गुम्बाहरूसमेत उपल्लो डोल्पामा छन् । तर नाका खुल्दा सामान्य चेकजाँच गरेरै सर्वसाधारणलाई पठाइने भएकाले अवैध गतिविधि हुन सक्ने आकलनसमेत गरिएको हो ।

नाका खुल्दा जिल्लाबाट पुगेका नेपाल प्रहरी, सशस्त्र प्रहरीले अस्थायीरूपमा सुरक्षा दिंदै आए पनि पूर्ण सुरक्षाका लागि बिओपी स्थापना गरिनुपर्ने उपल्लो डोल्पावासीको माग छ । वर्षमा एकपटक चिनियाँ क्षेत्रमा लाग्ने व्यापारिक मेलामा सर्वसाधारणले करोडौंको वस्तु आयात तथा निर्यात गर्ने गरे पनि भन्सार शुल्क रू एकसम्म उठ्दैन । जसले गर्दा राज्यलाई उठ्नुपर्ने भन्सार कर त्यसै खेर जाँदै आएको हो । प्रत्येक वर्ष जति दिन नाका खुल्छ त्यति समयका लागि भएपनि अस्थायी भन्सार कार्यालय सरकारले राख्नुपर्ने जिल्लाका सुरक्षा प्रमुखहरूको धारणा छ ।

**के भन्छ स्थानीय सरकार ?**

उपल्लो डोल्पामा सशस्त्र प्रहरीको सीमा सुरक्षा चौकी राख्न अत्यावश्यक रहेको डोल्पोबुद्ध गाउँपालिकाका उपाध्यक्ष पेम्माधोर्चे गुरुङले बताए । "उपल्लो डोल्पामा चीनसँगका दुईवटा खुला सिमाना छन्, ती सिमानाहरू, सीमास्तम्भहरू के कस्तो अवस्थामा छन्, राज्यको ध्यान पुग्न सकेको छैन, उपल्लो डोल्पाका विभिन्न ठाउँमा सशस्त्र प्रहरीको सुरक्षा फौज राख्ने भनेको पाँच/छ वर्ष भयो तर उपलब्धि हात लागेको छैन," उनले भने ।

गुरुङका अनुसार दुई वर्ष अघि नै सशस्त्र प्रहरीको टोलीलाई डोल्पोबुद्ध गाउँपालिकाको तीन ठाउँमा २०/२५ रोपनी क्षेत्रफलसम्म भएका जग्गा देखाएको थियो । त्यसपछि कुनै प्रतिक्रिया आएन । उनले उपल्लो डोल्पामा दुई स्थानमा बिओपी स्थापना गर्न आवश्यक जग्गा दिन गाउँपालिका तयार रहेको बताए । उनले भने, "समन्वय गर्न पनि तयार छ, बरु प्रजिअलगायत जिल्लाको सुरक्षा टोलीले चासो राख्नुपर्‍यो ।"

उनका अनुसार उपल्लो डोल्पाको तीन्जेमा बिओपी स्थापनापछि सीमा सुरक्षा मात्र होइन जनताको जनधनको सुरक्षाको प्रत्याभूति हुन्छ, शान्तिसुरक्षा कायम गर्न सकिन्छ । तीन्जेबाट एक घण्टामा मोरिम्ला नाका पुग्न सकिने उपाध्याक्ष गुरुङले बताए । उपल्लो डोल्पामा पर्याप्त सुरक्षाकर्मी नहुँदा अहिले पनि नागरिक त्रासमा जिउन बाध्य भएको उनको भनाइ छ । बिओपी राख्ने भनिएको तीन्जेदेखि भित्रको भूभाग निकुञ्ज क्षेत्रमा नपर्ने भएकाले कानूनी जटिलता पनि नभएको उनको भनाइ छ ।

यता डोल्पाका सङ्घीय सांसद धनबहादुर बुढाले सीमा सुरक्षा बल स्थापनाका लागि शुरूदेखि नै आवश्यक पहल गरिरहेको बताए । "उपल्लो डोल्पामा सशस्त्र प्रहरीको बिओपी राख्न आवश्यक हो, जिल्लाका सुरक्षा प्रमुखहरूसँग पनि कुरा भइरहेको छ तर पनि जग्गा प्राप्त हुन सकेको छैन, त्यहाँका स्थानीय सरकारका जनप्रतिनिधिहरूलाई जग्गा टुङ्ग्याउन भनेको छु, आशा छ यो काम छिट्टै होला," उनले भने । जग्गाप्राप्तिको कुरा सकिएपछि बाँकी केन्द्रमा गर्ने प्रक्रियामा जस्तोसुकै सहयोग गर्न पनि तयार भएको उनको भनाइ छ ।

**के भन्छ प्रशासन ?**

उपल्लो डोल्पामा पर्ने मोरिम्ला र क्याटो नाका सुरक्षाका लागि एउटा बिओपी राख्न आवश्यक भएको सहायक प्रमुख जिल्ला अधिकारी दामोदर ज्ञवालीले बताए । "त्यसका लागि शुरूमा जग्गा चाहियो, जग्गा प्राप्त हुन सकेको छैन, जिल्लाका सुरक्षा अधिकारीहरूले पनि जग्गा कहाँ कति खाली छ हेर्न जान पाएको छैन, अब एकपटक जिल्लाको सुरक्षा टोली पुग्छौं र जग्गाका लागि पहल गर्छौं," सहायक प्रजिअ ज्ञवालीले भने, "भौगोलिक विकटताका कारण पनि भनेको समयमा पुग्न सकिंदैन, बिओपी स्थापनापछि अस्थायी भएपनि राज्यले भन्सार कार्यालय स्थापना गर्नुपर्छ, जसबाट राज्यलाई राजस्वसमेत प्राप्त हुन्छ ।" प्रत्येक वर्ष आधा महीनाका लागि मात्र खुल्ने यो नाका हुम्लाको हिल्सा नाका जस्तै कम्तीमा सात/आठ महीना खुलेमा डोल्पालीहरूलाई किनमेल गर्न सजिलो हुने उनको भनाइ छ ।

## आजको राशिफल

| | |
|---|---|
| मेष – उदरपीडा | वृष – विजय |
| मिथुन – धनलाभ | कर्कट – भाग्योदय |
| सिंह – बेचैनी | कन्या – मनोरञ्जन |
| तुला – कर्मप्राप्ति | वृश्चिक – प्रगति |
| धनु – वादविवाद | मकर – यात्रालाभ |
| कुम्भ – कडाश्रम | मीन – सुसमाचार |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**नेप्से ...**

सबैभन्दा धेरै गुमाउनेमा भने जानकी फाइनान्स कम्पनी लिमिटेडको शेयर मूल्य नौ दशमलव ५८ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रु २६ करोड ४५ लाख ९० हजार ३३० बराबरको शेयर किनबेच भएका छन् ।

त्यस्तै, कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रमोटर शेयर छ लाख १४ हजार ९६ कित्ता शेयर किनबेच भएको छ ।

# वीरगंज महानगरको राजस्व ओरालो लाग्दै

प्रस, वीरगंज, १ पुस/

वीरगंज महानगरपालिकाको आन्तरिक राजस्व चालू आवको पाँच महीनामा गत आवको सोही अवधिको तुलनामा कम सङ्कलन भएको छ। वीरगंज महानगरपालिका राजस्व महाशाखाले गत आव २०८०/८१ को साउन–मङ्सिरसम्म रु २१ करोड ९९ लाख ९६ हजार ४४२ राजस्व सङ्कलन भएकामा चालू आवको मङ्सिर मसान्तसम्म १९ करोड ९१ लाख १६ हजार ५६६ सङ्कलन भएको जनाएको छ।




राजस्व महाशाखा प्रमुख मनोज कर्णले चालू आवको मङ्सिर मसान्तसम्म सम्पत्तिकर रु आठ करोड ८२ लाख १८ हजार सङ्कलन भएको बताए। उनले गत आवमा सम्पत्तिकर आठ करोड ७२ लाख ८२ हजार ३९३ सङ्कलन भएको जानकारी गराए।

यसैगरी, चालू आवको मङ्सिर मसान्तसम्म भूमि/मालपोत कर ४७ लाख ४७ हजार ८८०, घरबहाल कर दुई करोड ४५ लाख ४४ हजार १०८, बहाल बिटौरी कर १३ लाख ४९ हजार ४३५, सवारीसाधन कर छ लाख चार हजार, पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर ५४००, अन्य मनोरञ्जन कर चार लाख ४३ हजार ४०७, व्यवसाय रजिस्ट्रेशन दस्तुर एक करोड २२ लाख १९०२, आखेटोपहारमा लाग्ने कर एक करोड तीन लाख ३४ हजार, सरकारी सम्पत्ति बहालबाट प्राप्त आय ३६ लाख ६८ हजार १४५, निजी धाराबापतको शुल्क आठ हजार ५२०, अन्य सेवा शुल्क एक करोड ५५ लाख ६१ हजार ४५७, अन्य प्रशासनिक सेवा शुल्क २१ लाख ९२२, नक्शापास दस्तुर एक करोड ४८ लाख २२ हजार ७३५, सिफारिश दस्तुर ७७ लाख ४० हजार, व्यक्तिगत घटना दर्ता दस्तुर १० लाख छ हजार ७९३, नाता प्रमाणित दस्तुर सात लाख २७ हजार ५०, अन्य दस्तुर ७२ हजार १३०, प्रशासनिक दण्ड जरिवाना र जफत १९ लाख नौ हजार ९१८, बेरुजू २५ लाख २९ हजार ७९२ गरी चालू आवको मङ्सिरसम्म १९ करोड ९१ लाख १६ हजार ५६६ सङ्कलन भएको राजस्व महाशाखा प्रमुख कर्णले बताए।

चालू आवको कात्तिक महीनासम्म महानगरको राजस्व सङ्कलन गत आव २०८०/८१ को सोही अवधिको तुलनामा ६४ लाख ८४ हजार मात्र कम थियो। मङ्सिर मसान्तसम्म भने यो अन्तर झन् फराकिलो भएको छ।

करीब दुई करोड आठ लाख अन्तरले चालू आवको पाँच महीनामा राजस्व सङ्कलन घटेको छ।

# राजभक्त समूहले राजा महेन्द्रको १०५औं जन्मजयन्ती मनायो



तस्वीरः सौजन्य

प्रस, वीरगंज, १ पुस/

राजभक्त देशभक्त समूहले राजा महेन्द्रको १०५औं जन्मजयन्ती सोमवार महावीरस्थानस्थित प्राङ्गणमा मनाएको छ।

राजभक्त देशभक्त समूहका अध्यक्ष दीपेन्द्र साहको अध्यक्षतामा भएको कार्यक्रममा राजा महेन्द्रको तस्वीरमा माल्यार्पण गरी जन्मजयन्ती मनाएको छ।

कार्यक्रममा सतीश श्रीवास्तव, जनकलाल साह, अब्दुल सतार अन्सारी, रामनारायण साह, महेन्द्रप्रसाद साह, अनु थापा, ध्रुवसिंह ठकुरी, कमल घिमिरे, पुनदेव यादवलगायतको सहभागिता थियो।


## वायु प्रदूषणको असर कम गरौं

- व्यक्तिगत सवारीको सट्टा ठूला र एकैपटकमा धेरैले प्रयोग गर्न मिल्ने सार्वजनिक सवारीको प्रयोग बढाऔं,
- डिजेल र पेट्रोलबाट चल्ने सवारीसाधनको विकल्पमा विद्युतीय सवारीसाधनको प्रयोग गरौं,
- आफूले प्रयोग गर्ने सवारीसाधनको इन्जिन राम्रोसँग मर्मत गरौं, नियमित प्रदूषण जाँच गरौं,
- उद्योग तथा कलकारखानामा प्रदूषण नियन्त्रण प्रविधिहरू प्रयोग गरौं,
- फोहोरमैलालाई जलाउने कार्य नगरौं, उचित व्यवस्थापन गरौं,
- कच्ची सडकहरू मर्मत तथा कालोपत्र गरौं,
- वृक्षारोपण गरौं, वनजङ्गलको संरक्षण गरौं,

**वायु प्रदूषणको असर कम गर्न सहयोग गरौं। स्वस्थ वातावरण निर्माणमा योगदान पुऱ्याऔं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**







# नायब सुब्बाविरुद्ध मुद्दा दायर

प्रस, वीरगंज, १ पुस/

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घूससहित पक्राउ परेका एकजना नायब सुब्बाविरुद्ध अदालतमा मुद्दा दायर गरेको छ। जिल्ला प्रशासन कार्यालय, महोत्तरीका नायब सुब्बा अशोककुमार यादवविरुद्ध अख्तियारले सोमवार विशेष अदालतमा मुद्दा दायर गरेको हो।

सवारी ज्यान कसूर मुद्दामा मृतकको नजीकको हकदारले पाउनुपर्ने काजकिरिया खर्च तथा क्षतिपूर्तिबापतको रकम उपलब्ध गराउन सहजीकरण गरिदिने भनी घूस मागेको अभियोगमा अख्तियारको टोलीले यादवलाई रु २० हजारसहित रङ्गेहात पक्राउ गरेको थियो। उनले सेवाग्राहीबाट २० हजार घूस लिएको पुष्टि भएकाले कानूनबमोजिम कैद सजाय गरी बिगोबमोजिम जरिवाना सजाय गर्न मागदाबी लिई मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले जानकारी गराएका छन्।

## सिम्रौनगढमा ...

सिएमए सङ्घ, सिम्रौनगढका अध्यक्ष प्रमानन्दप्रसाद मुखियाको अध्यक्षतामा भएको शिविरमा ५२१ जनाको आँखा परीक्षण भएकामा १८५ जनामा मोतीबिन्दु देखिएको तिलगङ्गा आँखा अस्पताल, निजगढका प्रमुख दीपक सुवेदीले बताए। उनको नेतृत्वमा डा गजेन्द्रकुमार महतो, डा कुमारी घले, डा काजल कुमारीले आँखा परीक्षण गरेका थिए। मोतीबिन्दु भेटिएका १८५ जनाको आगामी शुक्रवार पुस ५ गते तिलगङ्गा आँखा अस्पताल निजगढमा निश्शुल्क शल्यक्रिया गरिने सिएमए सङ्घका सचिव मिश्रीलाल चौरसियाले बताए।

# खेलकूदको संसार

## प्राविस्तरीय बाल फूटबल प्रतियोगिता

प्रस, पोखरिया, १ पुस/

नेराप्रावि जीराभवानीको वार्षिकोत्सवको अवसरमा सोमवारदेखि दुई दिवसीय प्राविस्तरीय बाल फूटबल प्रतियोगिता शुरू भएको छ।



तस्वीरः प्रतीक

नेराप्रावि जीराभवानी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नारायण भैयाले आज प्रतियोगिताको उद्घाटन गरेका थिए। उद्घाटन खेलमा आज दुईवटा खेल सम्पन्न भए। पहिलोमा नेरामावि, सेढवाले शिवशक्ति प्रावि, शान्तिटोललाई शून्यका विरुद्ध दुई गोलअन्तरले पराजित गऱ्यो। यसैगरी, दोस्रो खेलमा आयोजक भवानीपुरले वनशक्ति प्रावि, काठमाडौंटोललाई शून्यका विरुद्ध चार गोलअन्तरले पराजित गऱ्यो।

कार्यक्रममा प्रअ खेमराजप्रसाद महतो, यानबहादुर श्रेष्ठ, गोविन्द मृदाहा, रविमोहन साहलगायतको सहभागिता थियो। सोमवार र मङ्गलवार दुई दिन सञ्चालन हुने बाल फूटबल प्रतियोगितामा कक्षा ५ का विद्यार्थीहरू सहभागी छन्। यो प्रतियोगितामा नेरामावि सेढवा, वनशक्ति काठमाडौंटोल, शिवशक्ति प्रावि, शान्तिटोल र नेराप्रावि, भवानीपुर गरी चारवटा विद्यालय सहभागी छन्।

भोलि फाइनल खेल हुने र आजको विजेता नेरामावि, सेढवा र आयोजक नेरामावि, भवानीपुरबीच हुने बताइएको छ।

## पाकिस्तानविरुद्ध नेपाल छ विकेटले विजयी

काठमाडौं, १ पुस/रासस

महिला यू–१९ एशिया कपमा नेपालले पाकिस्तानलाई छ विकेटले हराएको छ। मलेशियाको क्वालालम्पुरस्थित बायुमास ओभल क्रिकेट मैदानमा सोमवार पाकिस्तानले दिएको १०५ रनको लक्ष्य नेपालले १९ ओभरमा चार विकेटको क्षतिमा पूरा गऱ्यो।



नेपालका लागि कप्तान ुजा महतोले ४७ बलमा तीन चौकाको मदतले ४७ रन बनाएकी थिइन्। यस्तै, सोनी पाख्रिनले १३, सिमाना केसीले १२, साना परवीनले १० र सावित्री धामीले आठ रनको योगदान दिए। नेपालले अतिरिक्त १५ रन पायो।

बलिङतर्फ पाकिस्तानकी फातिमा खान र क्वारातुलेनले समान एक/एक विकेट लिए।

त्यस अघि टस जितेर पहिले ब्याटिङ रोजेको पाकिस्तानले निर्धारित २० ओभरमा पाँच विकेट गुमाएर १०४ रन बनाएको थियो। पाकिस्तानका लागि कोमल खानले ४४ बलमा दुई चौकासहित ३८ रन बनाइन्। यस्तै, महम अनीशले नटआउट २९, रवैल फरहानले १३, कप्तान जोफिशन अय्याजले १२, फातिमा खानले नटआउट छ रन बनाए भने अरीशा अन्सारीले एक रन जोडिन्।

बलिङतर्फ नेपालका लागि कप्तान पूजा महतोले सर्वाधिक दुई विकेट लिइन्। यस्तै, रचनाकुमारी चौधरी, रिया शर्मा र सिमाना केसीले एक/एक विकेट लिए। यो सँगै नेपाल सुपर फोरमा प्रवेश गरेको छ।

## सुदूरपश्चिमले कर्णालीलाई हरायो, प्लेअफको समीकरण पूरा

काठमाडौं, १ पुस/रासस

नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत लिग चरणको अन्तिम खेलमा सुदूरपश्चिम रोयल्सले कर्णाली याक्सलाई छ विकेटले हराएको छ। त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा सोमवार कर्णालीले दिएको १०२ रनको लक्ष्य सुदूरपश्चिमले १५ दशमलव दुई ओभरमा चार विकेट गुमाउँदै पूरा गरेको हो। सुदूरपश्चिमका लागि कप्तान दीपेन्द्र सिंह ऐरी र इशान पाण्डेले समान ३८/३८ रन बनाए।



तस्वीरः एजेन्सी

यस्तै, सैफ जैबले ११, विनोद भण्डारी र आरिफ शेखले समान चार/चार रन बनाउँदा ब्रान्डोन म्याकमुलेनले तीन रन जोडे। सुदूरपश्चिमले अतिरिक्त सात रन प्राप्त गऱ्यो। बलिङतर्फ कर्णालीको लागि कप्तान सोमपाल कामी, विपिन शर्मा र नन्दन यादवले समान एक/एक विकेट हात पारे।

त्यस अघि टस हारेर ब्याटिङको निम्तो पाएको कर्णालीले निर्धारित २० ओभरमा १० विकेट गुमाएर १०१ रन बनाएको थियो।

कर्णालीका लागि जिशान मकसूदले सर्वाधिक ३० रन बनाए। उनले ३५ बलमा चार चौकाको मदतले ३० रन बनाएका थिए। विलियम बोसिस्टोले १६, बाबर हयातले १३, कप्तान सोमपाल कामी र चाडविक वाल्टनले समान ११/११ रन बनाए।

यस्तै, कर्णालीको लागि देव खनालले सात, अर्जुन घर्तीले अविजित रहँदै तीन र गुलशन झाले दुई रनको योगदान दिए। कर्णालीले अतिरिक्त आठ रन प्राप्त गऱ्यो।

बलिङतर्फ सुदूरपश्चिमका लागि हरमित सिंहले सर्वाधिक तीन विकेट लिए। यस्तै, कप्तान दीपेन्द्र सिंह ऐरी र स्कट कुग्गेलिजनले समान दुई/दुई विकेट लिंदा सैफ जैबले एक विकेट हात पारेका थिए।

**प्लेअफको समीकरण पूरा**

एनपिएलको लिग चरणका खेलहरू सकिएसँगै प्लेअफ समीकरण पूरा भएको छ। सुदूरपश्चिमसँग हारका बावजूद पनि कर्णाली प्लेअफमा पुगेको हो। काठमाडौं गुर्खाज भने प्लेअफको दौडबाट बाहिरिएको छ। जनकपुर बोल्ट्स, चितवन राइनोज र सुदूरपश्चिम रोयल्स यस अघि नै प्लेअफ चरणमा पुगिसकेका छन्।

एनपिएलको पहिलो क्वालिफायरमा सुदूरपश्चिम र जनकपुर भिड्ने पक्का भएको छ भने चितवन र कर्णालीबीच इलिमिनेटरमा प्रतिस्पर्धा हुनेछ।

# पिक्स लेन्सले वार्षिकोत्सव आमाको माया छात्रावासमा मनायो

प्रस, वीरगंज १ पुस/

पिक्स लेन्सले पाँचौं वार्षिकोत्सव आमाको माया छात्रावासमा मनाएको छ। वार्षिकोत्सवको अवसरमा छात्रावासमा केक काटेर बालबालिकालाई शैक्षिक सामग्री, चप्पल एवं फूटबल वितरण गरिएको थियो।

वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष गणेश लाठ एवं पिक्स लेन्सका व्यवस्थापक सौरभ अग्रवालको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन स्तुति वर्णवालले गरेकी थिइन्।

